का.जि.प्र.का.द.नं. १००/०५९/६०

२५ मंसिर २०८१,
मंगलबार
10 December, 2024
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्

वर्ष २२, अंक २९१ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

हाम्रो पार्टीको महात्रिवेशनमा त हामीले सहमति र सहकार्यका साथ नेतृत्व चयन गरेका छौं, कार्यविभाजनमा त्यस्तो लडाइँ वा विवाद हुने कुरा छैन ।

■ **डा. बेदुराम भुसाल**
बरिष्ठ नेता, नेकपा एस

हाम्रो परम्परामा संगठन विभाग महासचिवले नै हेर्ने रहेकाले यसमा सहमति हुन्छ भन्ने मलाई विश्वास छ । कार्यविभाजनको समयमा केही तर्क/वितर्क र बहस/विमर्श हुनु सामान्य नै हो ।

■ **घनश्याम भुसाल**
महासचिव, नेकपा एस



# विभागको लफडामा नेकपा एस

**घनेन्द्र ओझा/मध्यान्ह**
काठमाडौं, २४ मंसिर ।

नेकपा (एकीकृत समाजवादी)को संगठन विभागको जिम्मेवारीमा तीन जना प्रभावशाली नेताबीच प्रतिस्पर्धा देखिएको छ । सार्वजनिक रूपमै सतहमा देखिनेगरी नआए पनि उनीहरूले यस जिम्मेवारीका लागि आन्तरिक संघर्ष गरिरहेका सो पार्टीका एक केन्द्रीय नेताले बताए ।

उनले भने, 'पार्टीमा राम्रो र शक्तिशाली भूमिका खोज्नु नेताको स्वभाव हो । संगठन विभाग पार्टीको शक्तिशाली र आकर्षक विभाग नै हो । यसका लागि दाबी देखिएको छ केही साथीहरूको ।'

नेताहरू बरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे, बरिष्ठ नेता डा. बेदुराम भुसाल र वर्तमान महासचिव घनश्याम भुसालले उक्त विभागको नेतृत्वमा दाबी गरिरहेका स्रोत बताउँछ ।

नेता पाण्डे विदेशमा रहेका कारण सम्पर्क हुन सकेन तर भुसालद्वयसँग यसबारे बुझ्दा यसलाई उनीहरूले स्वाभाविक प्रक्रियाका रूपमा व्याख्या गरे ।

बेदुराम भुसालले पार्टीभित्र यस्ता सन्दर्भ आइरहने भन्दै बाहिर आएजस्तो मारामारकै अवस्था भने नरहेको बताए । उनले भने, 'हाम्रो पार्टीको महात्रिवेशनमा त हामीले सहमति र सहकार्यका साथ नेतृत्व चयन गरेका छौं, कार्यविभाजनमा त्यस्तो लडाइँ वा विवाद हुने कुरा छैन ।' उनले कार्यविभाजन सहजै, स्वाभाविक र सहमतीय हिसाबले नै टुंगिने दाबीसमेत गरे ।

अर्का वर्तमान महासचिव घनश्याम भुसालले पनि कार्यविभाजनलाई लिएर ठूलो रडाको नभएको बताए । उनले नेताको चासो र आकांक्षा यस जिम्मेवारीमा रहने कुरालाई अन्यथा मान्न नहुने भन्दै सहमतिकै आधारमा यो विषय टुंगिने बताए । यद्यपि, यो जिम्मेवारी पार्टीको परम्परामा महासचिवले नै पाउने गरेको »» पृष्ठ २ मा

# अनुसन्धान लम्बिँदा आशंका





अदालतबाट दोषी ठहर नभएका, अत्यधिक जनमतद्वारा निर्वाचित रास्वपा सभापति लामिछानेमाथि सरकारले जुन निरंकुश, अलोकतान्त्रिक, अमानवीय र प्रतिशोधपूर्ण व्यवहार गरिरहेको छ, त्यसको निन्दा गर्दछु, त्यस प्रकारको व्यवहार रोक्न गम्भीर आग्रह गर्दछु

■ **पुष्पकमल दाहाल 'प्रचण्ड'**
अध्यक्ष, नेकपा माओवादी केन्द्र

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २४ मंसिर ।

सहकारीको रकम हिनामिना आरोपमा अनुसन्धानका लागि पक्राउ परेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति तथा पूर्वउपप्रधान एवं गृहमन्त्री रवि लामिछाने हिरासतमा रहेको सोमबार ठिक ५४ दिन भएको छ । कास्की जिल्ला अदालतले उनलाई थप ४ दिन थुनामा राख्न आइतबार म्याद थपेको छ ।

लामिछानेलाई सोमबार बयानका लागि पर्सा लगिएको छ । पर्साको सानोपाइला सहकारी संस्थाको रकम हिनामिना प्रकरणमा पनि पक्राउ पुर्जी जारी »» पृष्ठ २ मा

## ५ जिल्लामा अनुसन्धान

लामिछानेविरुद्ध कास्की, रुपन्देही, काठमाडौं चितवन र पर्सामा सहकारी ठगीका सम्बन्धमा अनुसन्धान भइरहेको छ । यी जिल्लाहरूमै उनलाई लगेर बयान लिइएको छ । अलगअलग सहकारीको रकम हिनामिनाबारे उनलाई सम्बन्धित जिल्लामै लगेर बयान लिइएको हो ।

संगठित अपराधको आरोपमा अनुसन्धान गरिरहेको »» पृष्ठ २ मा

## डेढ महिनापछि प्रचण्डको साथ

लामिछाने पक्राउ पर्नुपूर्व नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले छनक पाइसकेको थिए । त्यसको जानकारी लामिछानेलाई दिएका थिए । तर, लामिछाने पक्राउ परेको डेढ महिनापछि प्रचण्डले मुख खोलेका छन् ।

लामिछानेको पक्षमा समर्थन गर्दै सोमबार सामाजिक संजाल फेसबुकमा उनले लेखेका छन्, »» पृष्ठ २ मा

# बीमा प्राधिकरणका अध्यक्ष सिलवालमाथि किर्ते आरोप



- भ्रष्टाचारको मुद्दा दायर
- अध्यक्ष सिलवालविरुद्ध ६ आरोप
- नागरिकतामा पटकपटक जन्म मिति संशोधन
- नागरिकता तथा राहदानीमा केरमेट
- ९ महिनादेखि राष्ट्रसेवक पदको दुरुपयोग
- सुरुमा जन्म मिती २०१५/०४/१५, प्रतिलिपि लिँदा २०१६/०७/२२
- शैक्षिक प्रमाणपत्रमा जन्म मिति २०१५/०४/१५, राहदानीमा २०१८/०७/२४
- जन्म मितिभन्दा करिव ३ वर्ष उमेर घटाएर राहदानी प्राप्त



नागरिकतामा पटकपटक जन्म मिति संशोधन, राहदानीमा समेत मिति परिवर्तन गरी जालझेल र नेपाल बीमा प्राधिकरणको अध्यक्षको हैसियतमा ६५ वर्षको उमेरको हदबाट अनिवार्य अवकाश हुनुपर्नेमा पदमा बहाल रही राष्ट्रसेवक पदको दुरुपयोग गरेको देखिएको छ

● **नरहरि घिमिरे**
प्रवक्ता
अख्तियार दुरुपयोग अनुसन्धान आयोग

**छवि सापकोटा/मध्यान्ह**
काठमाडौं, २४ मंसिर ।

नागरिकता तथा राहदानीमा केरमेट र जालझेल गरेको भन्दै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार विशेष अदालतमा सिलवालविरुद्ध मुद्दा दायर गरेको हो ।

आयोगका प्रवक्ता नरहरि घिमिरेले अध्यक्ष सिलवालले नागरिकतामा पटकपटक जन्म मिति संशोधन गरी नागरिकता तथा राहदानीमा केरमेट »» पृष्ठ २ मा

## NPL आजको खेल

| | | |
|---|---|---|
| चितवन राइनोज | VS | लुम्बिनी लायन्स |
| बिहान ९: १५ बजे | | |
| कर्णाली याक्स | VS | पोखरा एभेन्जर्स |
| दिउँसो १: १५ बजे | | |

# कर्णाली र सुदूरपश्चिममा हिमपात

*हिमपातसँगै चिसो बढेपछि यहाँको जनजीवन प्रभावित भएको छ। बिहानैदेखि हिमपात हुँदा घर बाहिर निस्किनसमेत समस्या भएको छ*

**मध्यान्ह संवाददाता**
सुर्खेत, २४ मंसिर ।



कर्णाली र सुदूरपश्चिमका हिमाली क्षेत्रमा सोमबार यस वर्षकै पहिलो हिमपात भएको छ। पश्चिमी वायुको प्रभावका कारण कर्णालीका हुम्ला, डोल्पा, सुदूरपश्चिमका अछाम, बाजुरा, डोटी, बैतडीलगायतका जिल्लाका उच्च हिमाली क्षेत्रमा हिमपात भएको हो ।

सोमबार बिहानैदेखि हिमपात हुँदा यहाँको तापक्रम घटेको छ । जुम्लामा न्यूनतम तापक्रम घटेर माइनसमा झरेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

हिमाली जिल्लामा हिमपात हुँदा दैनिक रूपमा नेपालगन्जदेखि हुने उडानसमेत प्रभावित भएको छ। सोमबार नेपालगन्जमा पहाडी तथा हिमाली जिल्लामा कुनै पनि उडान भएनन्। मौसम प्रतिकूल नहुँदा उडान भर्न नसकिएको नेपालगन्ज विमानस्थल कार्यालयले जनाएको छ।

हिमपातसँगै चिसो बढेपछि यहाँको जनजीवन प्रभावित भएको छ। बिहानैदेखि हिमपात हुँदा घर बाहिर निस्किनसमेत समस्या भएको छ।

उत्तरी नाम्खा गाउँपालिकाका लिमी, हल्जी, जाँङ, तिलमा १ फिट »» पृष्ठ २ मा

**वैदेशिक रोजगार विशेष**

# स्वास्थ्य परीक्षणमा गडबढी नहोस् : मन्त्री भण्डारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २४ मंसिर ।

श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री शरत्सिंह भण्डारीले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षणमा कुनै सम्झौता नहुने बताएका छन् । नेपाल स्वास्थ्य व्यवसायी महासंघको १९औं साधारणसभामा उनले उक्त धारणा राखेका हुन् ।

नेपालमा हजारौं अस्पताल र स्वास्थ्य संस्था संचालन भएका अवस्थामा सीमित संस्थालाई सूचीकरण गरी वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षणका लागि अनुमति दिनुको अर्थ स्वास्थ्य परीक्षणमा शुद्धता र »» पृष्ठ २ मा




## मध्यान्हकर्मी पौडेल सम्मानित



काठमाडौं/मस– नेपाल स्वास्थ्य व्यवसायी महासंघले मध्यान्ह दैनिकका वैदेशिक रोजगार संवाददाता रेशमराज पौडेलसहित ३ जना पत्रकारलाई »» पृष्ठ २ मा

## खड्काको नेतृत्वमा नयाँ कार्यसमिति

**काठमाडौं/मस–** नेपाल स्वास्थ्य व्यवसायी महासंघ अध्यक्षमा कैलाश खड्का निर्विरोध निर्वाचित भएका छन् । साधारणसभापछि सम्पन्न निर्वाचनमा अध्यक्ष खड्कासहित कार्यसमिति नै निर्विरोध निर्वाचित भएको हो ।

महासंघमा कार्यसमितिको कार्यकाल ३ वर्षको रहने व्यवस्था छ । कार्यसमितिको »» पृष्ठ २ मा

# ‘सुशासन र सामाजिक न्यायमार्फत समाजवादको थालनी’

**काठमाडौं/मस–** नेकपा (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ले आफ्नो नेतृत्वको सरकारले थालनी गरेको सुशासन, सामाजिक न्याय र आर्थिक समृद्धिको अभियानबाट नेपालमा समाजवादको भ्रुण रोपिएको बताएका छन् ।



नेपाल राष्ट्रिय कर्मचारी महासंघको १८ औं स्थापना दिवसका अवसरमा सोमबार यहाँ आयोजित कार्यक्रममा उनले समाजवादको भ्रुणलाई समृद्ध बनाएर लैजानुपर्ने अबको दायित्व भएको बताए ।

विगतको समीक्षा गर्दै पार्टी र आन्दोलनलाई नयाँ शीराबाट अघि बढाउने प्रण गरेको उल्लेख गरे । २०६४ सालमा जनताले माओवादीप्रति गरेको विश्वास र भरोसा कायम राख्न नसकेको स्वीकार्दै अध्यक्ष दाहालले पार्टीलाई एकताबद्ध गरेर जनभावनाको उच्च सम्मान गरी विकास र समृद्धिमा ध्यान नदिँदा आन्दोलन पछि परेको बताए ।

माओवादीका महासचिव देवप्रसाद गुरुङले विश्व भूराजनीतिक परिस्थितिका कारण राष्ट्रिय स्वाधिनतामाथि चुनौती थपिएको उल्लेख गर्दै राष्ट्रिय एकता कायम गर्न कर्मचारी तन्त्रको भूमिका महत्वपूर्ण हुने बताए । भ्रष्टाचार, ढिलासुस्तीलगायत कारण जनतामा देखिएको निराशा चिर्न कर्मचारी वर्गले विशेष ध्यान दिनुपर्नेमा उनले जोड दिए ।

## विभागको...

हुँदा आफूलाई यो जिम्मेवारी प्राप्त हुने विश्वास व्यक्त गरे । ‘हाम्रो परम्परामा संगठन विभाग महासचिवले नै हेर्ने रहेकाले यसमा सहमति हुन्छ भन्ने मलाई विश्वास छ’, उनले मध्यान्ह दैनिकसँग भने, ‘कार्यविभाजनको समयमा केही तर्क/वितर्क र बहस/विमर्श हुनु सामान्य नै हो ।’

नेकपा एसमा कार्यविभाजन गर्न अध्यक्ष मधवकुमार नेपालको नेतृत्वमा ७ सदस्यीय कार्यदल गठन भएको छ । कार्यदलमा सम्मानित नेता झलनाथ खनाल, वरिष्ठ नेताहरू डा. बेदुराम भुसाल, घनेन्द्र बस्नेत र प्रमेश हमाल तथा बरिष्ठ उपाध्यक्ष राजेन्द्र पाण्डे र महासचिव घनश्याम भुसाल छन् ।

कार्यदलले नेताहरूको कार्यविभाजनबारे सहमति खोज्ने प्रयास निरन्तर गरिरहेको भए पनि संगठन विभागको नेतृत्वमा देखिएको उल्लिखित ३ जनाको आकांक्षाले गर्दा कार्यविभाजनको टुंगो लाग्न नसकेको एक केन्द्रीय नेताको भनाइ छ ।

आइतबार र सोमबार बसेको कार्यदल बैठकमा सहमति गराउने प्रयास भए पनि तीनै जनाले आफ्ना आकांक्षा र अडानबाट पछि हट्ने मनशाय नदेखाएपछि बुधबारदेखि सुरु हुने स्थायी कमिटी बैठकमा कार्यविभाजनको घोषणा गर्न अध्यक्ष नेपाललाई सकस भएको छ । नेपाल बुधबार नै कार्यविभाजनको घोषणा गर्ने तयारीमा छन् ।

गत असारमा दशौं राष्ट्रिय महाधिवेशन सम्पन्न गरेको नेकपा एसले नेताहरूको कार्यविभाजन गर्न लगातार बैठक राखे पनि सहमति जुटाउन सकेको छैन ।

कार्यविभाजन गर्दा विभिन्न विभाग प्रमुख, प्रदेश तथा जिल्ला इन्चार्ज, जनसंगठन प्रमुख, आयोग प्रमुख तोक्नुपर्ने हुन्छ ।

कार्यविभाजनमा सहमति हुन नसकेमा स्थायी कमिटीमा बहुमत र अल्पमतका आधारमा निर्णयमा पुग्ने अध्यक्ष नेपालको तयारी रहेको स्रोत बताउँछ । नेकपा एसमा २१ सदस्यीय स्थायी कमिटी छ ।

## अनुसन्धान...

भएकाले बयानका लागि उनलाई पर्सा लगिएको हो ।

लामिछाने गत २ कात्तिकमा काठमाडौंबाट पक्राउ परेका हुन् । पक्राउलगत्तै उनलाई पोखरा पठाइएको थियो । त्यसपछि रुपन्देही, काठमाडौं र चितवनमा लगेरसमेत बयान लिइएको छ ।

पहिला कास्की ल्याइएका लामिछानेमाथि अनुसन्धानका लागि सुरुमा ६ दिन, त्यसपछि ७ दिन, १० दिन, १३ दिन, १५ दिन र आइतबार ४ दिन म्याद थप गरिएको हो ।

प्रहरीले अनुसन्धानका लागि म्याद थप गरिरहँदा लामिछानेका परिवार र पार्टीले लामिछानेको मानवअधिकार उल्लंघन भएको भन्दै चर्को विरोध गरेका छन् ।

लामिछानेलाई सरकारले प्रतिशोधपूर्ण व्यवहार गर्नुका साथै उनको व्यक्तिगत मानवअधिकार हनन गरेको भन्दै आइतबार राष्ट्रिय मानवअधिकार आयोगमा लामिछानेकी श्रीमती नीकिता पौडेल निवेदन दर्ता गरेकी छन् । निवेदनमा लामिछानेको जीउ ज्यानको सुरक्षा तथा मानवअधिकारको रक्षा गरी न्याय प्रदान गर्न पहल गरिदिन आग्रह गरिएको छ ।

प्रहरीले अनुसन्धानका लागि लामिछानेलाई लगेको दिनदेखि विभिन्न किसिमले मानसिक यातना दिनुका साथै मानवअधिकारसमेत हनन गरेर राज्य संयन्त्रबाट अमानवीय, अपमानजनक तथा गैरन्यायिक व्यवहार हुँदै आएकोतर्फ उनले ध्यानाकर्षण गराएकी छन् ।

## ५ जिल्लामा...

प्रहरीले यस्तो अभियोगमा अनुसन्धानका लागि ९० दिनसम्म थुनामा राख्न सक्ने प्रावधान छ । संगठित अपराधको कसुरमा मुद्दा चल्ने हरेक जिल्लामा यही प्रावधानअनुसार अनुसन्धान अघि बढाइने छ ।

त्यसैले कास्की जिल्ला अदालतबाट उनी धरौटीमा छुटेको खण्डमा पनि बाँकी ४ जिल्लामा पक्राउ पुर्जी जारी भएको आधारमा ती जिल्लामा लगेर प्रहरीले थुनामा राख्ने बाटो खुला छ । यही प्रावधानअनुसार लामिछाने लामो समय हिरासतमा बस्नुपर्ने देखिएपछि उनको पार्टी र परिवारका तर्फबाट मानवअधिकार आयोगमा उजुरी दिइएको हो ।

## डेढ...

‘अदालतबाट दोषी ठहर नभएका, अत्यधिक जनमतद्वारा निर्वाचित रास्वपा सभापति लामिछानेमाथि सरकारले जुन निरंकुश, अलोकतान्त्रिक, अमानवीय र प्रतिशोधपूर्ण व्यवहार गरिरहेको छ, त्यसको निन्दा गर्दछु, त्यस प्रकारको व्यवहार रोक्न गम्भीर आग्रह गर्दछु ।’

प्रचण्डले सामाजिक संजालमा लेख्नुअघि सोमबार नै देशबाहिर रहेका उपाध्यक्ष नारायणकाजी श्रेष्ठले पनि लामिछानेको पक्षमा वकालत गरेका छन् । एक्समा सरकारले लामिछानेमाथि भेदभावपूर्ण कार्य गरिरहेको भन्दै उनले आपत्ति जनाएका हुन् ।

‘जुनसुकै पदीय वा अन्य जुनसुकै हैसियतको भए पनि भ्रष्टाचारको अनुसन्धान हुन सक्छ वा हुनुपर्छ र स्वच्छ अनुसन्धानबाट दोषी प्रमाणित भए जोसुकै भए पनि कारबाही गरिनुपर्दछ । रास्वपाका सभापति एवं पूर्वगृहमन्त्री रवि लामिछानेको सन्दर्भमा पनि हामीले यो नीति स्पष्ट पार्दै आएका हौं’, चीन भ्रमणमा रहेका श्रेष्ठले लेखका छन् ।

पूर्वगृहमन्त्रीसमेत रहेका श्रेष्ठले भ्रष्टाचार आरोपमा मुछिएका आफ्ना नेता, कार्यकर्तालाई छानबिन र अनुसन्धानमा नल्याई रास्वपाका सभापति लामिछानेमाथि भइरहेको ज्यादतीले सरकार प्रतिशोधमा उत्रिएको सर्वसाधारणको आशंकालाई बल पुगेको दाबी धेरैको रहेको बताएका छन् ।

लामिछानेमाथि सरकार र प्रहरीले अमानवीय व्यवहार गरेको विषयमा राष्ट्रिय मानवअधिकार आयोगले पनि छानबिन थालेको छ । आयोगले २ उच्चपदस्थ प्रहरी अधिकारीलाई बोलाएर बयान लिएको हो ।

एआईजी टेकबहादुर तामाङ र प्रहरी प्रवक्ता एवं डीआईजी दानबहादुर कार्कीले आयोग कार्यालयमा पुगेर बयान दिएका हुन् । आयोगले प्रहरी महानिरीक्षक बसन्तबहादुर कुँवरलाई नै बोलाएको थियो । तर, कुँवरले आफू उपत्यकाबाहिर भएको भनेर एआईजीलाई पठाएका थिए ।

आयोगका प्रवक्ता डा. टीकाराम पोखरेलले आईजीपी कुँवर बाहिर रहेकाले उनी आएपछि उनीसँगै बयान लिइने बताए । उनले भने, ‘यो घटनामा सिधै आईजीपीको निर्देशन रहेको भन्ने आधारमा उनीसँगै बयान लिने तयारी छ ।’

मानवअधिकार आयोगले उपस्थित प्रहरी अधिकारीहरूलाई कानुनी शासनको प्रत्याभूतिसहित स्वच्छ पुर्पक्षको अधिकार र बन्दीका आधारभूत मानवअधिकारलाई सम्मान तथा संरक्षण गर्दै निष्पक्ष र स्वतन्त्र अनुसन्धान हुनुपर्नेमा आयोगको चासो रहेको बताएको थियो ।

उनीहरूले प्रहरीबाट कुनै पनि किसिमको दुर्व्यवहार नभएको र सुरक्षा संवेदनशीलताका कारण चितवनबाट पोखरा राति लैजानुपरेको बयानमा बताएका छन् ।

लामिछानेलाई चितवनबाट रातारात पोखरा लगिएपछि उनको मानवअधिकारको विषय चर्को रूपमा उठेको हो ।

कास्की प्रहरीका अनुसार लामिछानेलाई चितवनबाट बिहीबार बिहान साढे ३ बजेतिर पोखरा लगिएको थियो ।

लामिछानेलाई भेट्न पुगेका मानवअधिकार अधिकृत टंक खनालले चितवनमा आफूमाथि दुर्व्यवहार भएको भनेर लामिछानेले बताएको जानकारी दिए ।

चितवनबाट मध्यरातमा उठाएर आफूलाई पोखरा ल्याइएको र औषधि खाएको छु, स्वास्थ्य जाँच गरौं भन्दा पनि चितवनमा प्रहरीले नमानेको लामिछानेले बताएका खनालको भनाइ छ । मदिरा सेवन गरेको प्रहरीले मध्यरात उठाएर ‘यसलाई गाडीमा हाल्’ भनेको पनि लामिछानेले गुनासो गरेका छन् ।

रास्वपा नेताहरूले लामिछानेलाई हिरासतमा राखेर अनुसन्धान गर्ने अवधि बाँकी छँदै उनलाई अस्वाभाविक रूपमा रातारात चितवनबाट पोखरा पुऱ्याएपछि मानवअधिकारको प्रश्न उठाएका हुन् ।

पोखरा पुऱ्याएका लामिछानेलाई भेटेपछि नेपाल समाजवादी पार्टीका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री डा. बाबुराम भट्टराईले पनि लामिछानेलाई जेलमा राखेर दुःख दिइएको टिप्पणी गरेका छन् ।

नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले पनि राति जबर्जस्ती उठाएर लैजानु मानवअधिकारको उल्लंघन भएको टिप्पणी गरेका छन् ।

राति १२ बजे उठाएर लैजानु मानवअधिकारविरोधी र अमानवीय काम भएको र यो रविको मात्र कुरा नभएर कसैलाई पनि यस्तो गर्नु नहुने कोइरालाको भनाइ छ ।

## बीमा...

र जालझेल गरेको, नेपाल बीमा प्राधिकरणको अध्यक्षको हैसियतमा ६५ वर्षको उमेरको हदबाट अनिवार्य अवकाश हुनुपर्नेमा पदमा बहाल रही राष्ट्रसेवक पदको दुरुपयोग गरेको भन्दै आरोप लागेको जानकारी दिए ।

सिलवालले पर्साबाट २४ फागुन २०३२ मा लिएको नागरिकता र काठमाडौंबाट १७ वैशाख २०६६ मा लिएको नागरिकताको प्रतिलिपिमा फरकफरक मिति उल्लेख गरिएको आयोगले जनाएको छ । पर्साबाट नागरिकता लिँदा १५ साउन २०१५ अनुसार उमेर १६ वर्ष उल्लेख भएको तर १७ वैशाख २०६६ मा जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट नागरिकताको प्रतिलिपि प्राप्त गर्दा नागरिकतामा जन्म मिति २२ कात्तिक २०१६ देखिएको आयोगको भनाइ छ ।

प्राधिकरणको अध्यक्षको हैसियतमा ६५ वर्षको उमेर हदबाट अनिवार्य अवकाश हुनुपर्ने भए पनि संशोधन गरेको जन्म मितिकै आधारमा पदमा बसेको देखिन्छ । सिलवालले १६ साउन २०८० देखि ६६औं वर्षमा प्रवेश गर्दासमेत पदमा बहाल नै रही पछिल्लो ९ महिनादेखि पदको दुरुपयोग गरी लाभ, सुविधा र अधिकारको प्रयोग गरेको अख्तियारको आरोपपत्रमा उल्लेख छ ।

यस्तै, त्रिभुवन विश्वविद्यालयबाट जारी डिप्लोमा तहको ट्रान्सक्रिप्टमा समेत जन्म मिति १५ साउन २०१५ उल्लेख भएको र नोकरी तथा वैयक्तिक विवरण (सिटरोल)मा समेत ट्रान्सक्रिप्टको जन्म मिति उल्लेख छ । निजामती किताबखानामा पेस गरेको विवरणअनुसार निजामती सेवामा १ साउन २०४३ देखि राजपत्रांकित तृतीय श्रेणीको पदमा नियुक्ति लिँदासमेत उनको जन्म मिति १५ साउन २०१५ नै रहेको अख्तियारले जनाएको छ ।

यसरी झुटा विवरण पेस गरी लाभ लिएको कसुरमा भ्रष्टाचार निवारण ऐन, २०५९ अनुसार कारबाहीको माग गरिएको छ । यस्तै, सिलवालले १५ साउन २०८० देखि हालसम्म लिएको लाभ सुविधा रकम बराबरको ३६ लाख ६२ हजार १५४ रुपैयाँ बराबर असुल उपर माग दाबी अख्तियारले गरेको छ ।

सिलवाललाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७, अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ (ख) र कसुरजन्य सम्पत्ति तथा साधन (रोक्का, नियन्त्रण र जफत) ऐन, २०७० को दफा ११ बमोजिम जफत/असुल उपर हुन माग दाबी लिई सोमबार विशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर भएको प्रवक्ता घिमिरेले जानकारी दिए ।

उक्त आरोपपत्र दर्ता भएसँगै सिलवाल स्वतः निलम्बनमा परेका छन् । सिलवाल नेपाल सरकारका पूर्वसचिव हुन् । उनी २८ चैत २०७० देखि ६ मंसिर २०७२ सम्म गृह सचिव थिए ।

## कर्णाली...

हिमपात भएको स्थानीयले जनाएका छन् । वर्षकै पहिलो हिमपात भएकाले बाक्लो हिमपात हुन्छ ।

उता, सुदूरपश्चिमका बाजुरा, अछाम, बैतडी, डडेल्धुरा, डोटीलगायतका हिमाली तथा पहाडी जिल्लाका उच्च लेकाली भेगमा हिमपात भएको छ । डोटीको बडिकेदार गाउँपालिकाको खडचौली, अतरकाडा, बडिकेदार धामलगायत क्षेत्रमा हिमपात भएको छ । बोगटान फुड्सिल गाउँपालिकाका विभिन्न ठाउँमा हिमपात भएको छ ।

खप्तड शिखर, नापानी, केदार धुरालगायत उच्च लेकाली क्षेत्रमा अहिलेसम्म पानी परिरहेको स्थानीयवासीले बताएका छन् । यस्तै, बैतडीको ग्वाल्लेक खोड्पे, अनारखाली, ढोल्यामोड, सिगास, मेलौलीलगायतका उच्च लेकाली स्थानमा पनि हिमपात भएको छ । हिमपातका कारण हिमाली क्षेत्र सेताम्मे देखिएका छन् ।

बढ्दो चिसोले ज्यालादारी काम गरेर खाने वर्गलाई समस्या भएको छ । उनीहरू चिसोले गर्दा काममा निस्किन सकेका छैनन् । चिसोको समयमा कर्णाली र सुदूरपश्चिमका हिमाली जिल्लामा अत्यधिक हिउँ पर्छ ।

उच्च लेकाली क्षेत्रमा वर्षासँगै हिमपात भएको बैतडीका निमित्त प्रहरी प्रमुख एवं प्रहरी निरीक्षक जनकराज ढुंगानाले जानकारी दिए । बैतडीसँगै डडेल्धुरा, डोटीलगायत पहाडी जिल्लाका उच्च लेकाली भेगमा हिमपात भएको छ ।

वर्षा र हिमपात हुँदा किसान भने हर्षित भएका छन् । खडेरीका कारण हिउँदेबाली सुक्न लागेका बेला वर्षा र हिमपातले बालीनाली सप्रने भएकाले खुसियाली छाएको हो ।

२४ घण्टामा मौसम पूर्वानुमान महाशाखाले सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र गण्डकी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा तथा बाग्मती प्रदेश र कोशी प्रदेशका उच्च पहाडी तथा हिमाली भू-भागका केही स्थानमा हल्का हिमपात हुने सम्भावना रहेको जनाएको छ ।

बिहानको समयमा तराई तथा उपत्यकाका धेरै स्थानमा हुस्सु साथै थोरै स्थानहरूमा कुहिरोको सम्भावना रहेको पनि विभागले जनाएको छ ।

बाजुरामा आइतबार रातिदेखि वर्षासँगै हिमपात भएको छ । मौसम बदली भएर वर्षा भएसँगै लेकाली भेगमा हिमपात सुरु भएको हो ।

हिमाली गाउँपालिकाको बिच्छ्या, रुगिन, बाँधु, स्वामीकार्तिकको जुकोट, जगन्नाथ गाउँपालिकाको गोत्री क्षेत्रमा हिमपात भएको वडा- ६ का स्थानीय जयप्रसाद पाण्डेले बताए ।

यसैगरी गौमूलको दहकोट, मानाकोट, बूढीनन्दाको कुरु, पाण्डुसैन, खप्तड छेडेदहको काँडा, जयबागेश्वरी, बडीमालिका रजाली, मार्तडी, ढम्कनेलगायत क्षेत्रका अग्ला भागमा हिमपातले डाँडा सेताम्मे भएका छन् ।

हुम्लामा पनि यस वर्ष पहिलो पटक हिमपात भएको छ । सदरमुकाम सिमकोटमा ३ इन्च हिउँ जमेको छ भने उत्तरी नाम्खा गाउँपालिकाको उच्च भेगमा रहेको लिमीलगायतका क्षेत्रमा १ फिट हिउँ जमेको लिमी स्वास्थ्यचौकीमा कार्यरत लोग बोहराले बताए ।

हिमपातपछि सदरमुकाम सिमकोट र आसपासका डाँडाकाँडा सेताम्मे भएका छन् भने जनजीवन प्रभावित भएको छ । उत्तरी नाम्खाका चाला, लिमी, हिल्सा, यारीलगायतका क्षेत्रको जनजीवन प्रभावित भएको छ ।

यहाँका धार्मिक तथा पर्यटकीय क्षेत्र बडीमालिका, पोरखे लेक, कालाजग्रा, दह डाँडा, बडालेख, खप्तड राष्ट्रिय निकुञ्जमा पनि हिमपातले छोपेको छ । सदरमुकाम मार्तडी आसपासमा पनि हिमपात भएको बडीमालिका- ३ का स्थानीय कमल रावलले बताए ।

# पाथीभरामा ७ वर्षमा १३ लाखभन्दा बढी दर्शनार्थीले गरे पूजापाठ



**फुङ्लिङ (ताप्लेजुङ)/मस–** ताप्लेजुङको धार्मिकस्थल पाथीभरामा पछिल्लो सात वर्षमा १३ लाखभन्दा बढी दर्शनार्थीले पूजापाठ गरेको छन् । विभिन्न क्षेत्रबाट सात वर्षको समय अवधिमा १३ लाख तीन हजार ९२ जना दर्शनार्थीले पूजापाठ गरेका छन् ।

पाथीभरा क्षेत्र विकास समितिले आर्थिक वर्ष २०७४/७५ देखि २०८०/८१ सम्मको तथ्याङ्क १३ लाख तीन हजार चार सय ९२ जनाले पाथीभरामा पुगेर पूजापाठ गरेको समितिले सार्वजनिक सूचानामा उल्लेख गरेको छ । क्षेत्र विकास समितिका कार्यकारी निर्देशक प्रजिन हाङवाङका अनुसार सात वर्षको अवधिमा कूल १३ लाख तीन हजार चार सय ९२ जना दर्शनार्थीले पाथीभरा मन्दिरको दर्शन गरेका छन् । यो तथ्यांक चालू आर्थिक वर्ष २०८१/८२ को समावेश नगरी तयार गरिएको हो ।

तथ्यांकअनुसार सबैभन्दा बढी दर्शनार्थी आर्थिक वर्ष २०७९/८० मा आएका छन् । उक्त वर्ष दुई लाख ८३ हजार नौ सय ४५ जना दर्शनार्थीले पाथीभरामा पूजाआजा गरेको थियो । पछिल्ला केही वर्षमा दर्शनार्थीको सङ्ख्या उल्लेखनीय रूपमा बढेको देखिन्छ । आर्थिक वर्ष २०८०/८१ मा दुई लाख ३१ हजार तीन सय ३४ जना तथा आर्थिक वर्ष २०७७/७८ मा दुई लाख १७ हजार नौ सय ६१ जना दर्शनार्थीले पाथीभरा पुगेर पूजापाठ गरेको तथ्यांक रहेको छ ।

यस अवधिमा सबैभन्दा कम दर्शनार्थी आर्थिक वर्ष २०७५/७६ मा आएका छन् । उक्त वर्ष एक लाख एक हजार छ सय पाँच जना दर्शनार्थीले मन्दिर दर्शन गरेका थियो । कोरोना महामारीका कारण केही वर्ष दर्शनार्थीको आगमनमा कमी देखिएको भए हाल स्थिति सामान्य हुँदै गएको छ ।

चालु आव २०८१/८२ को कात्तिक महिना मात्रै ६१ हजार एक सय ७३ जना दर्शनार्थीले पाथीभरा पुगेर पूजापाठ गरेको थियो । असोज महिनामा भने पाँच हजार नौ सय ४९ जनाले मात्र मन्दिरको दर्शन गरेको थियो । तीन हजार सात सय ९४ मिटर उचाइमा रहेको पाथीभरा मन्दिर पुग्न धरान-माझीटार हुँदै तमोर करिडोर वा झापाको बिर्तामोडबाट इलाम-पाँचथर हुँदै मेची राजमार्ग प्रयोग गर्न सकिन्छ । सुकेटारसम्म पक्की सडक रहेको छ भने काफ्लेपाटीसम्म कच्ची सडकले यात्रालाई चुनौतीपूर्ण बनाएको छ ।

क्षेत्र विकास समितिका अनुसार काफ्लेपाटीदेखि पाथीभरा पुग्न पाँच किलोमिटर पैदल यात्रा गर्नुपर्ने हुँदा यो यात्रा श्रद्धालुहरूका लागि विशेष अनुभव बनेको छ । पैदल मार्गलाई व्यवस्थित बनाउन विभिन्न स्थानमा पानी र हिउँबाट जोगिने फाइबर छाना राखिएका छन् । काफ्लेपाटीसम्मको मार्गलाई फाइबर छाना ओढाउने योजना अझै पूरा हुन बाँकी छ ।

पाथीभरा मन्दिर धार्मिक आस्थाको प्रतीक मात्र होइन, प्राकृतिक सौन्दर्य र साहसिक यात्राको केन्द्र हो । प्रत्येक वर्ष लाखौं श्रद्धालु यहाँ पूजाआजा गर्न आउने गरेकाले यस क्षेत्रले स्थानीय पर्यटन र अर्थतन्त्रलाई उकास्न महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । सुविधा थप व्यवस्थित र प्रचारप्रसार व्यापक बनाउने हो भने पाथीभरा धार्मिक मात्र नभई विश्व पर्यटनको महत्त्वपूर्ण गन्तव्य बन्न सक्ने सम्भावना छ ।

## स्वास्थ्य...

प्रामाणिकता होस् भन्ने नै रहेको उनले बताए ।

वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिक प्रचण्ड गर्मी (हिट ट्र्याप) र अस्वाभाविक ऋण (डेप्थ ट्र्याप)को समस्यामा रहेका भन्दै मन्त्री भण्डारीले ऋणको पासोबाट बचाउन वैदेशिक रोजगारीको लागत परिभाषित गरी फ्रि भिसा फ्रि टिकट नीतिको व्यावहारिक कार्यान्वयन गर्ने र डेथ ट्र्यापबाट बचाउन मन्त्रालयले गठन गरेको स्वास्थ्य परीक्षणसम्बन्धी उच्चस्तरीय कमिटीले दिएको प्रतिवेदन कार्यान्वयन गर्ने बताए ।

मन्त्री भण्डारीले गलत गर्नेहरूका सम्बन्धमा सरकारले टुलुटुलु हेरेर नबसी कडा कारबाहीमा जाने बताए । उनले भने, ‘सरकारले व्यवसाय गर्दैन, व्यवसायी इमानदार नभए सरकारले कडाइ गर्ने छ । यसमा ध्यान दिनुहोला ।’

मन्त्री भण्डारीले स्वास्थ्य परीक्षण रिपोर्ट पूर्ण रूपमा डिजिटाइजेसन गरेर समस्याको समाधान गर्ने भन्दै वैदेशिक रोजगार बोर्ड अनुगमनमा उत्रिनु आवश्यक रहेकामा जोड दिए ।

नेपाल सरकारका मुख्य सचिव एकनारायण अर्यालले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षण गर्ने संस्थाले देशकै प्रतिनिधित्व गर्ने भएकाले स्वास्थ्य परीक्षण तल-माथि हुँदा देशको प्रतिष्ठा र कामदारको आर्थिक क्षति हुने भएकाले गम्भीर हुन व्यवसायीलाई आग्रह गरे ।

‘गलत स्वास्थ्य प्रतिवेदन दिने प्रवृत्ति बढेको छ’, यसअघि श्रम मन्त्रालयका सचिव रहिसकेका मुख्य सचिव अर्यालले भने, ‘यसका लागि महासंघ नै जिम्मेवार हुनुपर्छ ।’ मुख्य सचिव अर्यालले पनि स्वास्थ्य परीक्षणको डिजिटाइजेसन खराबी रोक्ने उपाय हुन सक्ने बताए ।

हाल अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव रहेका पूर्व श्रम सचिव घनश्याम उपाध्यायले स्वास्थ्य परीक्षण व्यवसायलाई गुणस्तरीय र पारदर्शी बनाउनुपर्नेमा जोड दिए । साधारणसभामा श्रम सचिव मुकुन्दप्रसाद निरौला, नेपालका लागि मलेसियाका कार्यबाहक राजदूत मोहम्मद फिर्दौस अजमानलगायतले शुभकामना व्यक्त गरे ।

महासंघ अध्यक्ष कैलाश खड्काले सरकारको मापदण्डअनुसार स्वास्थ्य परीक्षणका लागि महासंघमा आवद्ध व्यवसायी प्रतिबद्ध रहेको भन्दै सोहीअनुसार स्वास्थ्य परीक्षण गरेकाले मन्त्रालयसँग विगत १९ वर्षदेखि सहकार्य रहेको उल्लेख गरे । उनले स्वास्थ्य व्यवसायलाई गुणस्तरीय पारदर्शी, मर्यादित र व्यवस्थित बनाऔं भन्ने महासंघको मूल ध्येय रहेको उल्लेख गर्दै मेडिकल रिपोर्टको डिजिटाइजेसन नै बजारमा देखिने खराबी रोक्ने उपाय हुने टिप्पणी गरे ।

स्वागत मन्तव्य राख्दै महासंघका बरिष्ठ उपाध्यक्ष महेशराज श्रेष्ठले स्वास्थ्य परीक्षणको डिजिटलाइजेसन गर्न माग गरे । कार्यक्रममा वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेती, नेपाल अभिमुखीकरण व्यवसायी महासंघका अध्यक्ष राजाराम गौतम, रेडियोलोजिस्ट चिकित्सक स्वयम्भू पण्डितलगायतको उपस्थिति थियो ।

## मध्याह्नकर्मी...

सम्मान गरेको छ । महासंघको १९औं साधारणसभाको अवसरमा महासंघले पौडेलसहित सेतोपाटी अनलाइनमा कार्यरत निर्मला शर्मा र रातोपाटीका कृष्णसिंह धामीलाई जनही नगद ५० हजार रुपैयाँ र सम्मानपत्रले सम्मानित गरेको हो ।

त्यसैगरी महासंघले वैदेशिक रोजगारीमा जाने कामदारको स्वास्थ्य परीक्षणमा उत्कृष्टता हासिल गरेकामा सनराइज पोलिटेक्निकल एन्ड डायग्नोष्टिक सेन्टर प्रा. लि. महाराजगन्जका बेलबहादुर श्रेष्ठ र चेतना हेल्थ केयर सेन्टर तीनकुनेकी चन्द्रमा राईलाई प्रशंसापत्र प्रदान गरेको छ ।

## खड्काको...

वरिष्ठ उपाध्यक्षमा महेशराज श्रेष्ठ, प्रथम उपाध्यक्षमा गायत्री जी. सी., उपाध्यक्षमा धनबहादुर गिरी (डी. बी.), महासचिवमा दाताराम काफ्ले, सचिवमा लीलाम्बर झा, कोषाध्यक्षमा रामपुकार तिवारी, सदस्यमा चन्द्रमा राई, प्रवेश रोका क्षेत्री, दीपक कार्की, बेलबहादुर श्रेष्ठ, केशर थापा, रोजिना शाक्य र रामप्रसाद लम्साललाई चयन गरेको निर्वाचन अधिकृत अरुण पौडेलले जानकारी दिए ।

अध्यक्षमा चयन भएपछि खड्काले वैदेशिक रोजगारी क्षेत्रको स्वास्थ्य सेवालाई थप पारदर्शी बनाउन आफू लाग्ने बताए ।

**कतारमा रोजगार**

कम्पनी: Jassim Decoration Co. | शहर: Doha
पूर्व स्वीकृत मिति: २०८१/०८/२४ | चलानी नं.: ६०२२९४८२ | LT. No.: 315033

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Ceramic Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labour | 3 | 0 | | 1000 | ३७,०९० | | | | | | | |
| 3. | Plaster work Mason | 1 | 0 | | 1200 | ४४,५०८ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २ गते (17 December 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. ३८०७ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला । २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफूसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

aayush
Govt.Lic.No. 1341/074/075

**AAYUSH OVERSEAS PVT. LTD.**
Sinamangal-09, Kathmandu | Tel: 01-015915290, Mob. 9801357726, 9801357728, 9801357729, 9801591168, 9808533103, 9827713813, 9707558299, Email: aayusoverseas1341@gmail.com

# नेपालले अन्तर्राष्ट्रिय अदालत सामु माग्यो जलवायु न्याय



**काठमाडौं/मस-** परराष्ट्रमन्त्री डा.आरजु राणा देउवाले अन्तर्राष्ट्रिय अदालत (आइसिजे) मा जलवायु परिवर्तनका कारण नेपाललाई परेको असर र पाउनुपर्ने क्षतिपूर्तिबारे नेपालका तर्फबाट कुरा उठाएकी छिन्।

अन्तर्राष्ट्रिय अदालतमा नेपालले पहिलो पटक जलवायु परिवर्तनको वर्तमान अवस्था र यसका कारण नेपालमा परेको असरका बारेमा आफ्नो अवस्था दर्शाउँदै जलवायु न्याय (क्लाइमेट जस्टिस) को माग गरेको हो।

विश्वका धनी तथा विकसित मुलुकहरूले कार्बन उत्सर्जन गर्दा नेपालजस्ता मुलुकलाई परेको असरका साथै यसका कारण नेपालले पाउनुपर्ने क्षतिपूर्तिका विषयमा केन्द्रित रही मन्त्री डा देउवाले उक्त अदालतमा नेपालको धारणा राखेकी हुन्।

अदालतको सुनुवाइका क्रममा उनले नेपाल दोहोरो मारमा परेको दृष्टान्त पेस गर्दै भनिन्, 'जलवायु परिवर्तनका कारकमा नेपालको योगदान अति नगन्य छ तर पनि अहिले हामी जलवायुजन्य संकटसँग जुध्नका लागि आवश्यक स्रोतको अभाव झेलिरहेका छौँ। त्यसैले हामी दोहोरो मारमा परेका छौं।'

नेपालको भौगोलिक अवस्थिति र विकासको स्तरका कारण जलवायु परिवर्तनको प्रतिकूल असर देखिएको मात्र नभई नेपाल उच्च जोखिममा रहेको उनले बताइन्।

नेपालका उच्च पहाड र हिमालहरूले प्राकृतिक रूपमा जलवायु सन्तुलन कायम गर्दै आएका तथा यहाँका नदीहरूको स्रोत हिमाल रहेको र यही नदी स्थानीय बासिन्दाको पानीको स्रोत रहेकामा अहिले तिनै हिमाल कालापत्थरमा परिणत भइरहँदा यो नै प्राकृतिक बिपत्तिको कारण बनेको उनले बताइन्।

इसिमोडको हालैको एक अध्ययनले अहिलेकै अनुपातमा हिउँ पग्लँदै जाने हो भने हिन्दकुश हिमालय क्षेत्रका हिमनदीहरूले यो शताब्दिको अन्त्यसम्ममा हाल विद्यमान अवस्थाको ८० प्रतिशतसम्म हिउँ गुमाउने देखाएको दृष्टान्त पेस गर्दै मन्त्री डा. देउवाले यसका कारण उच्च पहाडी क्षेत्रहरूमा बाढीपहिरोका साथै अन्य पूर्वाधारसम्बन्धी समस्या थप बढ्ने खतरा रहेको बताइन्।

उनले नेपालको संवेदनशीलतालाई संकेत गर्दै संयुक्त राष्ट्रसंघका महासचिव एन्टोनियो गुटेरेसले सन् २०२३ को अक्टोबरमा नेपालको संसद्लाई सम्बोधन गर्दै नेपालले जलवायु संकट ज्यादै नराम्रोसँग भोगिरहेको बताउनुभएको मन्त्री डा. देउवाले स्मरण गराइन्।

उनले भनिन्, 'हामीले यसै वर्षको सेप्टेम्बरमा जलवायु परिवर्तनको सबैभन्दा नराम्रो परिणामको सामना गर्नुपर्‍यो। नेपालमा भीषण वर्षा भयो र हामीले अकल्पनीय क्षति पनि व्यहोर्नुपर्‍यो। जसका कारण २५० भन्दा बढी मानिसको ज्यान गयो भने महत्त्वपूर्ण पूर्वाधारमा ठूलो क्षति पुग्यो।'

नेपालले यसवर्ष धेरै मात्रामा जलवायुजन्य विपद्हरूको सामना गर्नुपरिरहेको, बाढी पहिरोमा परेर तीन सय जनाको ज्यान जानुका साथै पिउने पानी, सडक, ऊर्जा, सिँचाइ तथा कृषिसम्बन्धी पूर्वाधारमा ठूलो क्षति पुग्दा देशमा एक अर्ब तीन करोड अमेरिकी डलरभन्दा बढीको नोक्सानी भएको जानकारी मन्त्री डा. देउवाले सो अदालतसामु गराइन्।

जलवायु परिवर्तनका कारण नेपालजस्ता देशले भोग्नुपरिरहेको यो अवस्था निकै नै अन्यायपूर्ण रहेको उनको तर्क थियो। उनले भनिन्, 'यो अवस्था हेर्दा लाग्छ हामीले कहिल्यै नगरेको गल्तीको सजाय भोग्दैछौं, हामीले कहिल्यै नगरेको अपराधमा हामीलाई दोषी साबित गरिँदैछ।'

नेपालको संविधानले स्वस्थ र स्वच्छ रूपमा बाँच्न पाउने नागरिकको मौलिक अधिकारको व्यवस्था गरेको स्मरण गराउँदै यसका लागि नेपालले जलवायु परिवर्तनका क्षेत्रका चुनौतीहरूको सामना गर्न सामूहिक प्रयासहरू जारी राखेको पनि उनले बताइन्।

जलवायु न्यायको आशाका साथ नेपालले जलवायु परिवर्तनसम्बन्धी अन्तर्राष्ट्रिय प्रक्रिया र प्रतिबद्धताहरूलाई उच्च महत्त्वका साथ अगाडि बढाएको पनि उनले भनिन्।

जलवायु परिवर्तनले गर्दा मानवीय जीवनका आधारभूत अधिकारहरू जस्तो कि खाद्य अधिकार, स्वास्थ्य अधिकार, आवासको अधिकार, सरसफाइ र पानीको अधिकार आदिको प्राप्ति र उपभोगमा पनि बाधा पुगिरहेको उनले बताइन्।

त्यसैले नागरिकका यी मौलिक अधिकारको संरक्षण गर्न र विश्वका कार्बन उत्सर्जनमा बढी योगदान पुर्‍याइरहेका देशहरूको दायित्वको पूर्ण रूपमा कार्यान्वयन गर्न तथा नेपाललाई ती देशहरूबाट भौतिक, प्राविधिक र आर्थिक सहायता उपलब्ध गराउन आवश्यक रहेको मन्त्री डा देउवाको जोड थियो।

यस अदालतको परामर्श सहितको रायले विशेषगरी जलवायु परिवर्तनका विषयमा राज्यहरूको दायित्वलाई थप उजागर गर्ने, राष्ट्रहरूले आफ्नो दायित्व उल्लङ्घन गरेका खण्डमा त्यसलाई बोध गराउने र नेपालजस्ता पीडित राष्ट्रहरूलाई जलवायु न्याय प्राप्त गर्न सघाउने भएकाले नेपालले पनि जलवायु न्यायका लागि अपिल गरेको उनको भनाइ थियो।

उनको प्रतिनिधिमण्डलमा रहेका कानुन न्याय तथा संसदीय मामिला मन्त्रालयका सचिव उदयराज सापकोटा र परराष्ट्र मन्त्रालयका उपसचिव शुभाङ्ग पराजुलीले पनि सो सुनुवाइका क्रममा जलवायु परिवर्तनका क्षेत्रमा नेपालको अवस्था र व्यवस्थाको जानकारी गराउँदै नेपालले जलवायु न्याय प्राप्त गर्न पाउनुपर्ने तर्कहरू प्रस्तुत गरेका थिए।

संयुक्त राष्ट्रसंघीय महासभाको आदेशअनुसार सो अदालतले अहिले विश्वका १०० भन्दा बढी देशसँग जलवायु न्यायका लागि सुनुवाइ गरी सुझावहरू लिइरहेको छ। सोही बमोजिम नेपालले पनि सोमबार जलवायु न्याय माग्दै आफ्नो दाबी पेस गरेको हो।

# काठमाडौं महानगरमा वायु गुणस्तर निगरानी उपकरण जडान



**काठमाडौं/मस-**काठमाडौं महानगरपालिकाले 'पार्टनरसिप फर हेल्दी सिटिज' (पहल)को सहकार्यमा महानगर क्षेत्रभर वायु गुणस्तर निगरानी उपकरण जडान सुरु गरेको छ।

महानगरको मुख्य कार्यालयमा एक समारोहका बीच उपमेयर सुनिता डंगोलले सोमबार सो कार्यको औपचारिक उद्घाटन गर्नुभयो। उपमेयर डंगोलले उपकरण जडान पश्चात वास्तविक तथ्यांक प्रयोग गरी सूचित नीतिहरू बनाउन र स्वस्थ वातावरण सुनिश्चित गर्न महानगरपालिकालाई सहयोग पुग्ने बताइन्।

उनले भनिन्, 'काठमाडौंमा वायु प्रदूषण घटाउन यो महत्वपूर्ण यात्राको सुरुवात हो।' महानगरपालिकाको वातावरण व्यवस्थापन विभाग प्रमुख सरिता राईले वायु प्रदूषणविरुद्ध लड्न महानगरपालिकाको प्रतिबद्धताअनुसार उपकरण जडान थालिएको उल्लेख गरिन्।

महानगरले छिट्टै सवारीसाधन प्रदूषण जाँच थालनी गर्ने तयारी गरेको तथा फोहोर जलाउनेलाइ कडा कारबाही गरिएको उनले जानकारी दिइन्।

कार्यक्रममा परियोजना प्रमुख इन्जिनियर सञ्जीव पाण्डेले वायु गुणस्तर उपकरणको प्राविधिक पक्षका बारेमा जानकारी गराउँदै जडान पश्चात सम्पूर्ण तथ्यांकमा महानगरवासी सुसूचित हुने बताए।

यस परियोजनाअन्तर्गत, महानगरले १८ वटा 'क्ल्यारिटी नोड-एस' वायु गुणस्तर 'सेन्सर' स्थापना गर्दैछ। यसले वायुमा रहेको 'पीएम २.५' को वास्तविक समयको डाटा प्रदान गर्नेछ। पीएम २.५ भनेको वायुमण्डलमा पाइने साना धुलोका कणहरू हुन्, जसले फोक्सो र रक्तप्रवाहमा गहिरो असर गर्न सक्दछन्।

यसले श्वासप्रश्वास र हृदयसम्बन्धी रोग उत्पन्न गराउनुका साथै दम, एलर्जी र फोक्सोको क्यान्सर जस्ता समस्या निम्त्याउँछ। विशेष गरी बालबालिका, वृद्धवृद्धा र पहिल्यै रोग भएका व्यक्तिहरू यसबाट बढी प्रभावित हुन्छन्। यी प्रविधिगत उपकरण सौर्य ऊर्जाबाट चल्ने र 'इनबिल्ट डेटा कनेक्टिभिटी'सहित छन्, जसले वास्तविक समयको डेटा महानगरको केन्द्रीय 'ड्यासबोर्ड'मा पठाउने छन्।

'स्वच्छ र सफा महानगर अनि स्वस्थ महानगरवासी' को उद्देश्यलाई आत्मसात गर्दै महानगरपालिकाले वायुप्रदूषण नियन्त्रण र वातावरणीय सुधारका लागि विभिन्न कार्यक्रम सञ्चालन गर्दै आएको जनाएको छ।

# गढीमाई मेलामा दर्शनार्थीको घुइँचो




**वीरगंज/मस-**भारतको विहार राज्य अन्तर्गतको पूर्वी चम्पारणका सुरेन्द्र यादव बालबालिकासहित बाराको प्रख्यात गढीमाई मन्दिरको दर्शन गर्न आइतबार मध्यरातमा आइपुगे।

यहाँ गढीमाई मन्दिरमा भाकल गरेपछि मनोकामना पूरा भएको भन्दै उनी महागढीमाई नगरपालिका-१ स्थित बरियापुरमा दर्शन गर्न आएकमा हुन्। अहिले गढीमाई मन्दिरमा दर्शन गर्ने भारतीय र नेपाली दर्शनार्थीको घुइँचो लागेको छ।

'केही समयअघि गढीमाईको भाकल गरेका थियौँ। माईले हाम्रो मनोकामना पूरा गरेसँगै अहिले माईको पूजाअर्चना गर्न आएका हौँ', दर्शनार्थी यादवले भने, 'परिवारको सुख शान्ति र समृद्धिको कामना गर्दै गढीमाई मन्दिरमा आउने दर्शनार्थीहरुको उल्लेख्य मात्रामा हुनुहुन्छ।'

बरियापुरस्थित गढीमाई मन्दिरमा यही मङ्सिर १ गतेदेखि पञ्चवर्षीय गढीमाई मेला लागिरहेको छ। मेलामा भारतका विभिन्न राज्यका मात्रै नभएर अन्य विदेश मुलुकका भक्तजनको पनि बाक्लो उपस्थिति छ। पाँच-पाँच वर्षमा मेला लाग्ने भएकाले पनि श्रद्धालु भक्तजनहरुको निकै भव्य र सभ्य ढङ्गले उपस्थिति हुने गर्छ। नेपालका पनि विभिन्न जिल्लाबाट मेला भर्न आइरहेका छन्।

गढीमाई पञ्चवर्षीय मेला सञ्चालन तथा व्यवस्थापन मूल समितिका अध्यक्ष तथा महागढीमाई नगरपालिका प्रमुख उपेन्द्रप्रसाद यादवले गढीमाई मेलामा दशनार्थीहरुको सहभागिता अत्यधिक रहेको बताए। 'विगतका वर्षमा जस्तै यसपालिको पञ्चवर्षीय गढीमाई मेलामा श्रद्धालु भक्तजनको उपस्थिति निकै बाक्लो छ", उनले भने, 'सम्भवत् महिनाभरिको मेलामा करिब एक करोडभन्दा धेरै दर्शनार्थीहरु उपस्थिति हुने अपेक्षा राखेका छौं।'

जसमा भारतीय पर्यटकको हिस्सा ६० प्रतिशत र स्वदेशी पर्यटकको ४० प्रतिशतको हाराहारीमा हुने अनुमान छ। गढीमाईको पञ्चवर्षीय मेला हेर्न आउने दशनार्थीको अत्यधिक चापको कारणले बाराको सदरमुकाम कलैयादेखि मन्दिर रहेको बरियापुरसम्म नै अत्यधिक भीडभाड र घुइँचो छ। अत्यधिक दशनार्थीहरुको भीडको कारणले ट्राफिक व्यवस्थापनमा जटिल बनेको छ। कलैयादेखि बरियापुरमा दुई पाङ्ग्रे मोटरसाइकल, तीन पाङग्रे अटोरिक्सा, ई-रिक्सा, जीप, कार, भ्यान, बस, मिनीबस, ट्रकलगायतका सवारीसाधनमा चढेर मन्दिरको दर्शन गर्न आउनेको घुइँचो देखिन्थ्यो।

# परम्परागत शैलीमा महाकाल मन्दिरको सत्तल पुनर्निर्माण सुरु



**काठमाडौं/मस-**काठमाडौं महानगरपालिकाले टुँडिखेलको पश्चिमतर्फ महाकाल मन्दिर परिसरमा चौघेरा सत्तलको पुनःनिर्माण सुरू गरेको छ।

कामपाको उपप्रमुख सुनिता डंगोलले जग पूजा तथा शिलान्यास गरेर निर्माण कार्यको प्रारम्भ गरिन्।

'काठमाडौंका सम्पदाको प्राचीनता र मौलिकता तस्बिरमा होइन, वास्तविकतामा हेर्न मिल्ने बनाउँदैछौं', त्यस अवसरमा उपप्रमुख डंगोलले भनिन्,'प्राचीनता जोगाउन सबै पक्षबाट सहयोग र समन्वय हुने अपेक्षा गरेका छौँ।' व्यक्तिलाई समस्या परे, भगवान्का शरणमा जाने गरिन्छ। भगवान् स्थलमा उतारचढाव नहोस् समयमा कार्य सम्पन्न गर्न आग्रह गर्दै उनले भनिन्।

योजनाको लागतअनुमान रू १० करोड १० लाख ७९ हजार दुई सय ७९ थियो। सार्वजनिक खरिद प्रक्रियाबाट रू १० करोड पाँच लाख १० हजार छ सय १९ मा निर्माण गर्नेगरी कबोल गर्ने विनायक/एसपि/बोहोरा जेभि निर्माण कम्पनीसँग सम्झौता गरिएको छ। खरिद प्रक्रिया र लागतका विषयमा जानकारी दिँदै सम्पदा तथा पर्यटन विभागका प्रमुख कुमारी राईले भने, 'परम्परागत निर्माण सामग्री र शैली पुनःनिर्माणको मुख्य विशेषता हो।' इञ्जिनियर रवीन्द्र रिजालका अनुसार सत्तल पाँच सय ८३ दशमलव ८१ वर्गमिटर क्षेत्रफलको हुनेछ। हरेक तलाको क्षेत्रफल एक सय ९४ दशमलव ४७ वर्गमिटर छ। यसमा जमिन तलामा ९ वटा कोठा हुनेछन्। पहिलो तलामा तीन वटा सभा कक्ष, एउटा कोठा र एउटा भण्डार कक्ष हुनेछ। यस माथि बुइँगल हुनेछ। रिजालका अनुसार विसं १९९७ मा खिचिएको तस्बिरका आधारमा पुनःनिर्माण गर्न लागिएको हो।

विस्तृत परियोजना प्रतिवेदन सहरी योजना आयोगले तयार पारेको सत्तलको मन्दिरको पूर्व, उत्तर र दक्षिण भागमा सत्तल हुनेछ। पश्चिमतर्फ पर्खाल र कलात्मक प्रवेशद्वार हुनेछ। सत्तल झिँगटीको छानायुक्त हुनेछ। सत्तल पुनःनिर्माणका लागि विसं २०८० फागुन ४ गते सार्वजनिक सूचना जारी गरिएको थियो। यसबाट पाँच वटा प्रस्ताव पेस भएका थिए। यीमध्ये चार वटाको प्राविधिक प्रस्ताव अस्वीकृत भए। निर्माण पक्षलाई गएको असार १९ गते कार्यादेश दिइएको हो। सत्तलको निर्माण अवधि २०८३ असार १९ गतेसम्म रहेको छ।

मन्दिरका पुजारी दीपक हर्ष बज्राचार्यका अनुसार यो मन्दिर करिब एक हजार तीन सय पाँच सय वर्ष अगाडि निर्माण भएको हो। मन्दिर स्थापनाका बारेमा चलेको किंवदन्ती सुनाउँदै भने, 'तान्त्रिक शाश्वत बज्र र शिवको आकाश मार्गको यात्रासँग मन्दिर स्थापनाको कथा जोडिएको छ।'

# 'तथ्यमा आधारित रहेर महिला हिंसा अन्त्यका लागि पहलकदमी जरुरी'



**काठमाडौं/मस-**महिला अधिकारका क्षेत्रमा क्रियाशील सरोकारवालाहरूले तथ्य र तथ्यांकमा आधारित रहेर महिला हिंसाबाट सबैभन्दा बढी प्रभावित क्षेत्र र जातीय समूहमा हिंसा न्यूनीकरणका कार्यक्रम लैजानुपर्नेमा जोड दिएका छन्।

दलित महिला संघ (फेडो)ले आयोजना गरेको 'जातीय तथा लैङ्गिक आधारमा महिला र बालिकामाथि हुने हिंसासम्बन्धी अध्ययन प्रतिवेदन' सार्वजनिकीकरण कार्यक्रमका वक्ताहरूले अनुमानको भरमा नभए तथ्यमा आधारित भएर पहलकदमी लिनुपर्ने बताए। 'हिंसाका घटनाबारे सोलोडोलमा भन्ने गरिएको छ। अब महिला र बालिका हिंसामा परे भनेर मात्रै हुँदैन, कुन समुदाय र क्षेत्रका महिला बढी हिंसामा पर्ने गरेका छन् भनेर तथ्यका आधारमा हिंसा न्यूनीकरणका पहल गर्नुपर्छ', वक्ताहरूको साझा मत थियो।

कार्यक्रममा राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले अझै पनि हिंसाका धेरै घटनाका पीडित न्यायको पहुँचमा पुग्न नसकेकाले यसका लागि सरकार र अरू सबै निकायले गम्भीर भएर सोच्नुपर्ने बताइन्। उनले हिंसा शक्ति, सामर्थ्य र संरचनागत व्यवस्था पितृसत्तात्मक सोचको उपज भएकाले हरेक व्यक्ति यसका विरुद्ध जागरुक हुनुपर्ने धारणा व्यक्त गरिन्।

'हिंसा संरचनात्मक सांस्कृतिक विभेदसँग जोडिएको छ। यसबाट कुनै समुदाय र क्षेत्रका महिला तथा बालिका अलग छैनन्। अभिलेखमा आउने, उजुरी गर्ने भनेको त कुनै पनि हिसाबले घटना दबाउन नसकेपछि मात्रै हो। अहिले पनि कर्णालीलगायत दूरदराज, मधेश र ग्रामीण क्षेत्रका घटना अभिलेखमै आउँदैनन', अध्यक्ष पराजुलीले भनिन्, 'महिलाले हिंसाको प्रतिकार गर्नु भनेको घर छोड्नु हो, घर छोडेपछि कहाँ जाने ? भन्ने प्रश्न पनि छ। यसमा राज्य र हामी सबै सरोकारवाला निकायले अभिभावकत्व निर्वाह गर्नुपर्छ। त्यसअघि हरेक व्यक्तिलाई सचेत बनाउन आवश्यक छ।'

राष्ट्रिय दलित आयोगका अध्यक्ष देवराज विश्वकर्मा आमनागरिकको सुरक्षाको प्रमुख दायित्व भएको सरकार र सरकारी निकायकाले यसमा सबैलाई समेटेर अगाडि बढ्नुपर्ने आवश्यकता औँल्याए। तीन तहका सरकार, संवैधानिक, कानुनी र हिंसा न्यूनीकरणका लागि थुप्रै संरचनात्मक व्यवस्था र थुप्रै राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले काम गरिरहे पनि जातीय र लैङ्गिक आधारमा हुने हिंसा नघट्नु गम्भीर समीक्षाको विषय भएको उनको भनाइ थियो।

'तीन तहका सरकार, ऐन, कानुन बनेका छन्, तिनको कार्यान्वयन भइरहेको छ। तर पनि हिंसा भइरहेकै छ। अझै स्वस्फूर्त रूपमा उजुरी आउने अवस्था बनिसकेको पनि छैन। त्यसैले सरकारले मुख्य नेतृत्वदायी भूमिका निर्वाह गर्दै यसमा प्रभावकारी कदम चाल्नु अपरिहार्य छ', अध्यक्ष विश्वकर्माले भने।

वरिष्ठ अधिवक्ता मिरा ढुंगानाले हरेक निकायले गर्ने अध्ययनले देखाएका हिंसासम्बन्धी तथ्य र निष्कर्षअनुसार सबै निकायले आफ्नो दायित्व पूरा गर्नुपर्नेमा जोड दिए। उनले पछिल्लो समय वैवाहिक बलात्कार, बालिकामाथि बलात्कार र कार्यस्थलमा हुने हिंसाका सम्बन्धमा पनि आवश्यक अध्ययन गरी सोअनुसार क्रियाकलाप सञ्चालन गर्न आग्रह गरे।

फेडोका संस्थापक दुर्गा शोवले नेपालमा सबैभन्दा बढी कुन समुदाय र क्षेत्रका महिला हिंसामा पर्छन् भनेर अहिले पनि व्यवस्थित अध्ययन हुन नसकेकाले हस्तक्षेपकारी कदम चाल्न नसकिएको बताइन्। तथ्य एकातिर र समस्या सम्बोधनका लागि हुने क्रियाकलाप अर्कैतिर केन्द्रित हुँदा महिला तथा बालिकामाथि हुने हिंसा न्यूनीकरणमा समस्या भइरहेको उनको भनाइ थियो। शोवले सरोकारवाला निकायलाई सोलोडोलोमा नभई खण्डीकृत तथ्यांक आग्रह गर्दै सोहीअनुसार समस्या सम्बोधनको पहलका लागि ध्यानाकर्षण गराइन्।

महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयका उपसचिव मीना पौडेलले आफ्नो मन्त्रालयले अध्ययनका निष्कर्षलाई आफ्ना दस्तावेजमा समावेश गरी सम्बोधनका लागि आवश्यक कार्यक्रम अगाडि बढाउने प्रतिबद्धता व्यक्त गरिन्।

कार्यक्रममा फेडोका अध्यक्ष कला स्वर्णकार, महासचिव रेणु सिजापतिलगायतले आफ्नो धारणा राखेका थिए। अध्ययनमा आर्थिक वर्ष २०८०/८१ र चालु आर्थिक वर्षका पछिल्ला तीन महिनामा देशभर भएका महिला तथा बालिकामाथिका हिंसाका अभिलेखको विश्लेषण गरिएको छ। यसका लागि राष्ट्रिय मानव अधिकार आयोग, राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोग गरी तीनवटा संवैधानिक निकाय, नेपाल प्रहरी र महिला अधिकारका क्षेत्रमा क्रियाशील छवटा सङ्घसंस्थाका अभिलेख (दस्तावेज समीक्षा) को विश्लेषण गरिएको छ।

**कतारमा रोजगार**

कम्पनी: Doha Group Trading & Contracting W.L.L. — शहर: Doha
पूर्व स्वीकृत मितिः २०८१/०५/१३ — चलानी नं.: ६०२२४३६२ — LT. No.: 309677 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Plaster Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०,७९९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Welder | 2 | 0 | | 1100 | ४०,७९९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुष २ गते (17 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**ब्लू ओसियन ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. ८६४/०६६/०६७
पि.ओ.बक्सः १५१४२, केपिसी १७५, गोंगबु-५, सामाखुसी, काठमाडौं, नेपाल फोनः ४९५१७३२, ४९६५८२६, फ्याक्सः ४३६४५७३, मोबाइलः ९८०१२२४१७० E-mail: blueocean_o@yahoo.com, www.blueocean.com.np

**UAE मा रोजगार**

कम्पनी: Resources for Employment — शहर: Istiqa
पूर्व स्वीकृत मितिः २०८१/०८/२४ — चलानी नं.: ६०२२९४७५ — LT. No.: 315155

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 50 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ४०,४९१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Masion | 20 | 0 | | 1300 | ४७,८५३ | | | | | | | |
| 3. | Steel Fixers (RCC) | 15 | 0 | | 1300 | ४७,८५३ | | | | | | | |
| 4. | Suttering Carpenter | 15 | 0 | | 1300 | ४७,८५३ | | | | | | | |

कम्पनी: MAGNUM SECURITY SERVICES — शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०८/२४ — चलानी नं.: ६०२२९४७४ — L.T. No.: 315154

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Life Guards | 30 | 0 | स. काममा दक्ष | 1800 | ६६,२५८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुष २ गते (17 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**SHR SUPPORT HUMAN RESOURCES PVT. LTD.**
Support Human Resources Pvt. Ltd. (Foreign Employment Services, Nepal)
License No: 661/063/064
Sinamangal, Kathmandu, Nepal, Ph No: 4111126, Mobile No; 9802070435 , 9802070424, 9802050422, 9802070434

**साइप्रसमा रोजगार**

कम्पनी: ORTHODOXOU EMPLOYMENT BUREAU LTD. — शहर: LARNACA
पूर्व स्वीकृत मितिः २०८१/०३/०५ — चलानी नं.: ६०२२१४७६ — L.T. No.: 306697 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cook | 7 | 0 | स. काममा दक्ष | 1250 | १७५,११२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: ORTHODOXOU EMPLOYMENT BUREAU LTD. — शहर: LARNACA
पूर्व स्वीकृत मितिः २०८१/०५/२७ — चलानी नं.: ६०२२५२३० — L.T. No.: 310656 — पुन विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Waiters/Waitress | 0 | 20 | स. काममा दक्ष | 950 | १३६,१२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

मेनपावर कार्यालय काठमाडौंमा मिति २०८१ पुष २ गते (17 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**रोयल इन्टरनेशनल ओभरसिज प्रा. लि.**
टोखा ११ भण्डारी टोल, टोखा काठमाडौं,नेपाल श्रम ईजाजत नं. : १०३४/०७२/०७३
Tel: 4985294, 4985295, 9801255512, 9851085526 Email: info.royal1034@Gmail.com

मध्यान्ह
www.madhyanhadaily.com
२५ मंसिर २०८१, मंगलबार
10 December 2024, Tuesday

## सम्पादकीय

### नि:शर्त दायित्व : नागरिकको जीवनरक्षा

पश्चिम नेपालको उच्च पहाडी तथा हिमाली भू–भागमा हिमपातका कारण जनजीवन कष्टदायी बनेको छ। सुदूरपश्चिम र कर्णाली प्रदेशका दार्चुला, बझाङ, अछाम, हुम्ला, डोटीलगायत हिमाली एवं उच्च पहाडी क्षेत्रमा हिमपात भइरहेको छ। हिमपातका कारण कमजोर आर्थिक परिवारका बालबालिका, वृद्धवृद्धा र दीर्घरोगीको जीवनरक्षा चुनौतीपूर्ण बनेको छ। हिमपात नियमित प्राकृतिक प्रक्रिया भएकाले यसबाट उत्पन्न हुन सक्ने मानवीय समस्या समाधानको विकल्प हामीसँग छैन। संघीय, प्रदेश र स्थानीय सरकारले हिमपात सिर्जित समस्या समाधानका निम्ति विशेष प्याकेज ल्याउन आवश्यक छ। हिमपातका सन्दर्भमा मात्र नभएर अरू बढ्दो चिसो, शीतलहर र अन्य प्राकृतिक संकटहरूको समाधानबारे बेलैमा पूर्वतयारी आवश्यक छ। विशेषगरी उच्च पहाडी एवं हिमाली क्षेत्रमा हिमपात र तराई–मधेश क्षेत्रमा शीतलहरबाट नागरिकको जीवनरक्षा तड्कारो आवश्यकता हो। राज्य चाहिने पनि यस्तै बेला हो।

अझ राज्य नपुगी नहुने क्षेत्रहरूको पहिचान गरिनुपर्छ। गत वर्ष जाजरकोट भूकम्पबाट पीडित क्षेत्रहरू सरकारको प्राथमिकतामा हुनुपर्छ। १ वर्ष भइसक्दा पनि त्यहाँका भूकम्पपीडितहरूले छहारी पाउन सकेका छैनन्। जाजरकोट भूकम्पपछि पटकपटक सत्ता समीकरण फेरियो, प्रधानमन्त्री बदलिए तर जाजरकोट भूकम्पपीडितहरूले अहिलेसम्म बस्नलाई घरसमेत नपाउनु विडम्बना हो। सरकारले भूकम्पपीडितहरूसँगै गत दसैंअघिको बाढी–पहिरोपीडितका निम्ति पनि विषेश ध्यान पुऱ्याउन आवश्यक छ। बाढी–पहिरोबाट बाग्मती प्रदेशका ललितपुर, काभ्रे, सिन्धुपाल्चोक, दोलखालगायत जिल्लामा ठूलो क्षति पुगेको छ। यहाँ पनि बिपन्न परिवारलाई बढ्दो चिसोबाट जोगाउन जरूरी छ। बाग्मतीबाहिर पनि बाढी–पहिरोपीडित छन्। उनीहरूलाई पनि यो चिसोबाट जोगाउनु जरूरी छ। कमजोर आर्थिक अवस्थाका परिवारलाई न्यानो कपडा र खाने–बस्ने व्यवस्था गरिनुपर्छ।

मौसम पूर्वानुमान विज्ञहरूले यो हिउँदमा न्यून वर्षाको संभावना रहेको बताइरहेका छन्। न्यून वर्षाको अर्थ वायु प्रदूषण बढ्नु पनि हो। वायु प्रदूषणले चिसो अत्यधिक बढाउँछ भने सुख्खा मौसमको अवस्थासमेत सिर्जना हुन्छ। सुख्खा मौसम लम्बिँदा आगलागीको संभावना बढ्छ। आगलागी अर्को समस्या हो किनकि आगलागी बढेर गए फेरि अधिक वर्षा र बाढी–पहिरोको खतरा हुन्छ। यसर्थ, नागरिकको जीवनरक्षाका निम्ति सरकारले पूर्वतयारीलाई ब्यापक बनाउनुपर्छ। प्राकृतिक प्रकोपबाट नागरिकको जीवनरक्षा गर्नु भनेको वर्तमान व्यवस्था र संविधानलाई दिगो बनाउने कुरा पनि हो किनकि अहिले मुलुकमा २ तहका सरकारको बोझ नागरिकले खेप्नुपरेको तर्क गरिँदै आएको छ। तर, नागरिकलाई संकट पर्दा स्थानीय र प्रदेश सरकार बढी उपयोगी सावित हुने रहेछन् भनेर देखाउने अवसरका रूपमा पनि यो संकटलाई लिनुपर्छ। सारांशमा, नागरिकको जीवनरक्षा जुनसुकै शर्तमा हुनुपर्छ।

# स्वास्थ्यकर्मीमाथि सुरक्षा चुनौती

**स्वास्थ्यकर्मीहरूमाथि हुने हिंसा एक गम्भीर समस्या हो, जसले स्वास्थ्य सेवाको उपलब्धता, पहुँच र गुणस्तरमा प्रतिकूल प्रभाव पार्न सक्छ। यस समस्याको समाधानका लागि कानुनी, संस्थागत र मनोवैज्ञानिक पक्षमा तत्काल सुधार गर्नु आवश्यक छ**

अग्रलेख


● डा. बच्चुकैलाश कैनी

जहाँ स्वास्थ्यकर्मी हुन्छन्, त्यहाँ स्वास्थ्य संस्था हुन्छ र बिरामी वा सेवाग्राही उपचारका लागि जान्छन्। रोगको परीक्षण, पहिचान, निदान र स्वास्थ्य उपचारका लागि एक अनिवार्य शर्त स्वास्थ्यकर्मीको उपस्थिति हुनु हो। त्यसैले स्वास्थ्यकर्मीहरू स्वास्थ्य संस्थाको मेरुदण्ड मात्र होइनन्, मुख्य पात्र र अभिन्न अंग नै हुन्।

स्वास्थ्यकर्मीहरू हाम्रो समाज, सेवाग्राही, बिरामी, उनीहरूका परिवार र स्वास्थ्य संस्थाहरूका लागि धेरै अर्थमा नायकहरू हुन्। तर, हाम्रो समाजका यिनै नायक स्वास्थ्यकर्मीहरू बिरामी वा बिरामीका आफन्तहरूबाट हिंसाको सिकार हुनुपरेको कुरा तथ्यांकले देखाएको छ। यो हाम्रो आजको समाजको तीतो यथार्थ हो।

विश्व स्वास्थ्य संगठनको एक प्रतिवेदनअनुसार स्वास्थ्यकर्मीमाथि हुने हिंसाको दर पेसा, समूह र मुलुकअनुसार कम्तीमा समग्रमा ८ प्रतिशतदेखि बढीमा ३८ प्रतिशतसम्म छ। यसमध्येमा स्वास्थ्यकर्मीमाथिको अधिकांश हिंसा बिरामी र बिरामीको आफन्त वा कुरुवाबाट नै हुने गरेको छ।

विश्वव्यापी रूपमा गरिएको अर्को एक अध्ययनअनुसार कुनै देशमा ६२ प्रतिशतसम्म स्वास्थ्यकर्मीहरूले कार्यस्थलमा हिंसाको अनुभव गरेका कुरा उल्लेख गरिएको छ। यसमध्ये सबैभन्दा बढी गैरशारीरिक हिंसाको रूपमा ५८ प्रतिशतले मौखिक दुर्व्यवहार, ३३ प्रतिशतले धम्की र १२ प्रतिशतले यौन उत्पीडनसम्बन्धी हिंसा भोगेका कुरा प्रतिवेदनमा उल्लेख छ।



नेपालमा पनि कार्यस्थलमा स्वास्थ्यकर्मीविरुद्ध हुने हिंसा एक गम्भीर समस्या बनेको छ। यो समस्या विशेषगरी चिकित्सक र नर्सहरूमा बढी देखिएको छ। सन् २०२३ मा प्रकाशित एक अनुसन्धानका अनुसार काठमाडौंमा ३६९ स्वास्थ्यकर्मीहरूमा गरिएको एक सर्वेक्षण अध्ययनमा ५४ प्रतिशत नर्स र ४५ दशमलव ५ प्रतिशत चिकित्सकले आफ्नो कार्यस्थलमा कुनै न कुनै प्रकारको हिंसा भोगेको कुरा उल्लेख गरेका छन्।

स्वास्थ्यकर्मीमाथि कार्यस्थलमा हुने हिंसाका धेरै कारणहरू छन्। यसमध्ये प्रमुख कारण भनेको सेवाग्राही, बिरामी वा उनीहरूका आफन्तहरू स्वास्थ्य सेवाप्रति असन्तुष्ट हुनु हो। बिरामी वा उनीहरूका आफन्तहरूलाई कहिलेकाहीँ स्वास्थ्य सेवा प्राप्त गर्न ढिलाइ भएको हुन सक्छ। त्यस्तै, कुनै कारणवश स्वास्थ्यकर्मीबाट उपचारमा त्रुटि हुन सक्छ। यसैको कारण वा अन्य कुनै कारणले बिरामीको अप्रत्याशित मृत्युपछि बिरामी वा उनीहरूका आफन्तमा आक्रोश उत्पन्न हुन्छ। फलस्वरूप यी घटनाहरूले वा प्रतिक्रियाहरूले हिंसाको रूप लिन सक्छन्।

यसैगरी स्वास्थ्यकर्मीहरूमा उच्च कार्यभार, स्वास्थ्य संस्थाहरूमा अपर्याप्त स्रोत, साधन र बिरामीको चापका कारण पनि स्वास्थ्य संस्थाहरूमा तनावको अवस्था सिर्जना हुन सक्छ। यसले हिंसात्मक घटनालाई बढावा दिन सक्छ।

स्वास्थ्यकर्मीहरूले कार्यस्थलमा भोग्ने हिंसाले उनीहरूको मानसिक र शारीरिक स्वास्थ्यमा गम्भीर असर पार्न सक्छ। हिंसाका कारण उनीहरूको कामप्रतिको लगाव घट्न सक्छ। यसको प्रत्यक्ष प्रभाव सेवाग्राही वा बिरामीको सेवाको गुणस्तरमा पुग्छ।

साथै, स्वास्थ्यकर्मीहरूले कार्यस्थलमा भोग्ने हिंसाकै कारण स्वास्थ्यकर्मीहरूमा उच्च तनाव, डिप्रेसन र बर्न आउटको समस्या पनि देखिन सक्छ। यस्ता समस्याले स्वास्थ्यकर्मीहरूलाई नकारात्मक प्रभाव पार्ने नै भयो, त्यसको असरले हाम्रो समाज, स्वास्थ्य प्रणाली र बिरामीहरूमा समेत प्रतिकूल प्रभाव पर्न सक्छ।

धेरैजसो स्वास्थ्यकर्मीहरूले हिंसाका घटनाहरूलाई सम्बन्धित निकाय र आफ्नै स्वास्थ्य संस्थामा समेत जानकारी गराउँदैनन्। यसका मुख्य कारणहरूमा आफूले हिंसा भोगेको अवस्थामा स्वास्थ्यकर्मीहरूमा आफ्नै स्वास्थ्य संस्थाको व्यवस्थापनले आवश्यक सहयोग गर्छ भन्ने आभास नमिलेको हुन सक्छ।

त्यसैगरी प्रहरी प्रशासन वा न्याय प्रणालीप्रति अविश्वास हुनु र उनीहरूलाई आफ्नै पेसागत प्रतिष्ठामा असर पर्न सक्ने डर हुनु अरू कारणहरू हुन्। यसका साथै कतिपय स्वास्थ्य संस्थाहरूले आफ्नो आन्तरिक सुरक्षा प्रणालीलाई भौतिक वा प्राविधिक रूपमा मजबुत बनाउन सकेका छैनन्। यिनै कारणहरूले गर्दा नेपालमा स्वास्थ्यकर्मीहरूको सुरक्षामा बढ्दो चुनौती थपिएको छ।

नेपालमा स्वास्थ्यकर्मीहरूमाथि हुने हिंसासम्बन्धी स्पष्ट कानुनी व्यवस्था गरिएको छ। तर, त्यसको प्रभावकारी कार्यान्वयन भएको देखिँदैन। स्वास्थ्य संस्थाहरूमा खटिएका स्वास्थ्यकर्मी र अन्य कर्मचारी उपर हुन सक्ने आक्रमण रोक्न, स्वास्थ्य संस्थाको भौतिक सम्पत्तिको तोडफोड वा अन्य कुनै कार्य गरी स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थालाई हानि नोक्सानी पुऱ्याउने व्यक्तिलाई सजाय दिलाउन स्वास्थ्यकर्मी र स्वास्थ्य संस्थाहरूको सुरक्षासम्बन्धी ऐन, २०६६ ल्याइएको छ तर पनि व्यवहारमा यो ऐन पर्याप्त रूपमा लागू भएको देखिँदैन।

स्वास्थ्यकर्मीहरूमाथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसालाई कम गर्न सम्बन्धित सबै सरकारी, स्वास्थ्य संस्था, नियमनकारी निकाय र अन्य सबै पक्षहरू मिलेर बहुआयमिक रूपमा काम गर्नु आवश्यक देखिन्छ। यसमध्ये पहिलो र तत्काल गर्न सकिने काम भनेको हाल विद्यमान नियम र कानुनको तत्काल अक्षरश: कार्यान्वयन गर्ने हो।

स्वास्थ्यकर्मीको सुरक्षाका लागि बनेको कानुनलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित सबै पक्षले उचित ध्यान दिने हो भने यसलाई तत्काल कम गर्न सकिन्छ। यसका लागि स्थानीय प्रशासन, प्रहरी र स्वास्थ्य संस्थाबीच हातेमालो, समन्वय र सहयोगको आवश्यकता छ।

स्वास्थ्य संस्थामा काम गर्ने स्वास्थ्यकर्मी र कर्मचारीहरूलाई प्रशिक्षण दिएर तथा उनीहरूमा जनचेतना अभिवृद्धि गरेर पनि स्वास्थ्यकर्मीहरूमाथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसालाई कम गर्न सकिन्छ। यसका लागि स्वास्थ्यकर्मीहरूलाई तनाव व्यवस्थापन, संचार सीप र आत्मरक्षासम्बन्धी प्रशिक्षण प्रदान गर्न सकिन्छ। साथै, बिरामी र उनीहरूका आफन्तहरूमा पनि स्वास्थ्य संस्थाले प्रदान गर्ने सेवा र सुविधा, त्यहाँ काम गर्ने स्वास्थ्यकर्मीहरू र स्वास्थ्य सेवाको प्रक्रियाबारे उचित जानकारी दिन सक्ने हो भने यो समस्या कम गर्न केही हदसम्म सहयोग पुग्छ।

बिरामी र उनीहरूका आफन्तहरू आफैं तनावमा हुन्छन्। आफैं आर्थिक, मानसिक र स्वास्थ्य समस्याहरूसँग जुधेका हुन्छन्। कतिपय अवस्थामा स्वास्थ्यकर्मीहरूले बिरामीसँग नम्र बोल्ने, सहानुभूतिपूर्वक शालीन व्यवहार देखाउने र बिरामीलाई पर्याप्त समय दिएर रोग, औषधि, उपचार, यसको प्रभाव आदिबारेमा सबै आवश्यक जानकारी दिने हो भने पनि बिरामी र स्वास्थ्यकर्मीहरूबीचको सम्बन्ध सुमधुर बनाउन सकिन्छ। यसले अवश्य पनि हिंसा रोक्न सहयोग गर्छ।

नेपालका स्वास्थ्य संस्थाहरूमा सुरक्षा व्यवस्थाको सुदृढीकरण गर्नु जरुरी देखिन्छ। कतिपय केन्द्रीय र विशिष्ट प्रकारका सेवा उपलब्ध गराउने निजी एवं अन्य सरकारी स्वास्थ्य संस्थाहरूमा नेपाल प्रहरीले सुरक्षाकर्मी उपलब्ध गराए पनि स्वास्थ्यकर्मीहरूमाथि कार्यस्थलमा हुने हिंसा रोक्न पर्याप्त छैन।

यसैले हरेक अस्पताल र स्वास्थ्य संस्थाहरूमा आफैंले पर्याप्त सुरक्षा कर्मचारीको व्यवस्था गर्नुपर्छ। हरेक अस्पताल र स्वास्थ्य संस्थाहरू आधुनिक प्रविधिहरू, जस्तै : सीसीटीभी क्यामेरा र आपत्कालीन उद्धार प्रणाली वा आपत्कालीन प्रतिक्रिया प्रणालीको स्थापना गर्नु, त्यसको प्रभावकारी निरीक्षण, अनुगमन र कार्यान्वयन गराउनु पनि आवश्यक छ।

स्वास्थ्यकर्मीहरूमाथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसाको भौतिक, शारीरिक र मनोवैज्ञानिक पक्ष पनि छ। हरेक अस्पताल र स्वास्थ्य संस्थाहरूले हिंसाका घटनामा परेका स्वास्थ्यकर्मीलाई परामर्श र मनोवैज्ञानिक सहयोग उपलब्ध गराउनुपर्छ ताकि उनीहरूले मानसिक रूपमा पुन: सक्रियता हासिल गर्न सक्ने बनून् र पूर्ण रूपमा शारीरिक र मानसिक रूपमा स्वस्थ बनून्। यी सबै कुराहरूका साथसाथै नेपालमा स्वास्थ्यकर्मीहरूमाथि कार्यस्थलमा हुने विभिन्न प्रकारका हिंसा कम गर्न नीतिगत सुधार पनि गर्नु जरुरी छ। स्वास्थ्यकर्मीहरूको सुरक्षाका लागि अहिले भएका नीति नियम र कानुनहरू परिमार्जन गर्दै थप कडा नियमहरू बनाउनु आवश्यक छ। यस्ता नयाँ नियममा हिंसामा संलग्न व्यक्तिहरूलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्ने प्रावधान राख्नु जरुरी छ। स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्था सुरक्षा ऐन, २०६६ मा आवश्यक संशोधन गरी स्वास्थ्यकर्मीमाथि हातपात भएमा तत्काल गैरजमानती गिरफ्तार (जेल विदाउट बेल) गर्ने व्यवस्था प्रभावकारी बनाई लागू गर्नुपर्छ।

नेपालमा कार्यस्थलमा स्वास्थ्यकर्मीहरूमाथि हुने हिंसा एक गम्भीर समस्या हो, जसले स्वास्थ्य सेवाको उपलब्धता, पहुँच र गुणस्तरमा प्रतिकूल प्रभाव पार्न सक्छ। यस समस्याको समाधानका लागि कानुनी, संस्थागत र मनोवैज्ञानिक पक्षमा तत्काल सुधार गर्नु आवश्यक छ। त्यसैगरी नेपालमा स्वास्थ्यकर्मीहरूविरुद्ध कार्यस्थलमा हुने हिंसा रोक्नका लागि सबै सरोकारवालाहरूले मिलेर काम गर्नुपर्ने देखिन्छ। स्वास्थ्यकर्मीहरूको सुरक्षामा ध्यान नदिए स्वास्थ्य सेवा प्रणालीलाई स्थायित्व दिन, स्वास्थ्यकर्मीहरूको मनोबल उठाउन र समग्र स्वास्थ्य सेवाको गुणस्तर वृद्धि गर्न कठिन हुने छ।

**(लेखक, स्वास्थ्य सेवा व्यवस्थापनका प्राध्यापक हुन्।)**

## सामाजिक सञ्जाल


**डम्बर खतिवडा**


शासनको उत्थान-पतन सृष्टिको नियम हो। इतिहास पढियो-जीवनकालमै सोभियत संघदेखि भर्खरै श्रीलंका-बंगलादेश सुनियो। देशमै पञ्चायत र राजतन्त्रको पतन देखियो। सिरियामा आज बाथ पार्टी शासन ढलेको छ। ज्ञानेन्द्र शाहको पतन भएको दिन सर्वाधिक खुसी थिए- अब 'कांक वर्चस्व' समाप्त भएको हेर्न मन छ।


**विनोद न्यौपाने**

छिमेकी त काटिन्नँ पनि साटिन्नँ पनि। २ रणनीति : इन्डो-प्यासिफिक र बीआरआई विश्वमा कुदिरहेका छन्। छिमेकी भारतीय स्वार्थ आफ्नै छ। भूगोल टेकेर फाइदा लिने विषय हाम्रा। ओलीले ठिकै गरेर आएको बुझियो। तर, यी पण्डितहरूको बुरुक्कबुरुक्क बुझ्न सकिएन !


**मधुकर खनाल**

सहकारी ठगीमा थुप्रै मानिस जेल, हिरासतमा छन्। ती सबैले 'प्रमुख ठग' जस्तै सुविधा पाएका छन् कि छैनन् ? लौन नागरिक समाज र मानवअधिकारकर्मीले बोलिदिनुपऱ्यो, 'सहकारी प्रकरणका अभियुक्तहरू सबैलाई राज्यले समान व्यवहार गरोस्।' राज्यले अभियुक्तहरूलाई किन यति विभेदकारी व्यवहार गर्छ ?


**रोशन खड्का**


सरकारी अस्पतालमा उपचार नपाएर लाखौं जनताको बिजोग छ। मालपोतदेखि विमानस्थलसम्म त्यही हालत छ। बेरोजगारीको अवस्था भन्नै परेन। नीतिगत सुधार नभएर अर्थतन्त्रको अवस्था डामाडोल छ। सरकारी अड्डामा कुनै सुधार छैन। तर, केही थान बिचौलिया र तिनका संरक्षकलाई भने मोज नै छ। तिनैलाई देश राम राज्य जस्तो लागेको होला। अरूलाई गाह्रै छ।

## इतिहासमा आज

१० डिसेम्बर १८८७ मा अष्ट्रिया, हँगेरी, इटाली र बेलायतले बाल्कन सैन्य सम्झौतामा हस्ताक्षर गरेका थिए।



१० डिसेम्बर १९०३ मा पियरे क्युरी र मेरी क्युरीलाई भौतिक विज्ञानका लागि नोबेल पुरस्कारद्वारा सम्मान गरिएको थियो।



१० डिसेम्बर २००० मा पाकिस्तानका पूर्वप्रधानमन्त्री नावाज सरिफ १० वर्षका लागि निर्वासित भएका थिए।



१० डिसेम्बर १९५० मा संयुक्त राष्ट्रसंघद्वारा १० डिसेम्बरलाई अन्तरार्ष्ट्रिय मानवअधिकार दिवस घोषणा गरिएको थियो।

# साँस्कृतिक रूपान्तरणको सवाल

विचार


● लेखराज रेग्मी

हामी साँस्कृतिक विरासतमा छौं या साँस्कृतिक प्रतिगमनकालमा ? यसको छिनोफानो कसरी गर्ने ? कालक्रम कसरी टुंग्याउने ? ब्राह्मणहरूले हलो जोत्ने, धोती पाटा नफेरेर भान्सा चलाउने, छुवाछूतको विरोध गर्ने काम राजनीतिक रूपमा नेपाली कांग्रेसका नेताहरूले २००७ सालको क्रान्तिको समयमा र आसपासमा प्रयोग गरे।

आज पिँढी बदलिएको छ, आधुनिकता हाबी छ तर संस्कार जोगाउने नाममा भौतिकवादी चेतनाविरुद्ध उभिँदा नेपाली कांग्रेसका नेता, कार्यकर्ता राणाकालीन प्रतिबन्ध लागू गर्न गइरहेका छन्।

२००७ सालको क्रान्तिपश्चात् यो भारी 'कम्युनिस्ट'हरूले बोकेका देखिन्छ। तर, २०४७ सालपछि जनताको नाममा उनीहरूले यो अडान व्यवहार बदल्न सुरु गरे। यो समय चीनमा माओको मृत्यु र साँस्कृतिक क्रान्तिविरोधीहरू पार्टी र सरकारमा हाबी भएको समय थियो।

यता, नेपालमा भने पपुलर भोटसहित बढोत्तरीमा थिए। उनीहरू पनि नेपाली कांग्रेसकै बाटोमा लजाउँदैलजाउँदै लाग्न थालेका थिए। यो समयमा यसको भार नेपालका आफूलाई 'र्‍याडिकल' ठान्ने 'कम्युनिस्ट'हरूको जिम्मामा आयो तर २०६२/०६३ सालको आन्दोलनपश्चात् यस सवालमा त्यहाँ पनि मत विभाजन व्यवहारमा देखिँदै छ।

> ब्राह्मणहरूले हलो जोत्ने, धोती पाटा नफेरेर भान्सा चलाउने, छुवाछूतको विरोध गर्ने काम राजनीतिक रूपमा नेपाली कांग्रेसका नेताहरूले २००७ सालको क्रान्तिको समयमा र आसपासमा प्रयोग गरे। आज पिँढी बदलिएको छ, आधुनिकता हाबी छ तर संस्कार जोगाउने नाममा भौतिकवादी चेतनाविरुद्ध उभिँदा नेपाली कांग्रेसका नेता, कार्यकर्ता राणाकालीन प्रतिबन्ध लागू गर्न गइरहेका छन्

केही समाज सुधारक आन्दोलनमा लागेकाहरूको समर्थन प्राप्त गर्न र उनीहरूको दबाबमा राजा महेन्द्र शाहले भूमि सुधार, रजौटा उन्मूलन, जमिन्दारी प्रथा उन्मूलन, बिर्ता जग्गा रैकर गर्ने, पुनर्वास व्यवस्थापन र छुवाछूत उन्मूलन जस्ता राजकीय घोषणा गरे।

धार्मिक अनुष्ठान र सामाजिक पर्व समारोहहरूमा संख्यात्मक प्रतिबन्ध लागू गर्ने घोषणा गरे। त्यसपछि व्यक्तिगत स्वतन्त्रताको रूपमा भान्सा र पूजापाठसँगै आभिजात्य कायम राख्ने कुरामा भने राज्य उदार नै रह्यो, कर्मकाण्डसँग जोडिएर अस्पृश्यता कायमै रह्यो। यसलाई अलिक फरक ढंगले नेपाली कांग्रेस र कम्युनिस्ट समूहहरूले पनि छुट दिई नै रहे। उनीहरूको परिवारमा मूल रूपमा कायम नै रह्यो।

विवाह र मृत्यु संस्कारमा पुरानो कट्टरता त केही खुकुलो भएको देखिन्छ तर यथावत् नै छ। यसले व्यक्तिगत आचरणमा परिवर्तन गर्ने प्रयत्नहरूलाई पारिवारिक सामाजिक घेराबन्दीले कमजोर बनाउने तथा सामाजिक पारिवारिक विद्रोहमा जान रोक्ने गर्दो रहेछ।

मृत्यु संस्कार आफैंले अभ्यास गर्ने हुँदा र मृत व्यक्ति स्वयं उपस्थित नहुँदा, थोरै सुगम हुने तर विवाहमा वर-बधू वा दुवै परिवारको सम्बन्ध हुने, रुचि, रहर र सामाजिक बराबरी देखाउने चाहनाहरू प्रबल हुँदा तथा आफन्तहरूका दाबीसँगै उपभोक्तावाद हाबी रहेको आजको स्थितिको प्रतिकूलताले यसमा केही परम्परागत जटिलता हटे पनि यसमा सामाजिक सुधार निकै जटिल हुँदो रहेछ।

राजनीतिक आन्दोलन र जनताको संलग्नता बढेको समय र राजनीतिक नैराश्यले गाँजेको समय स्वयं पनि अनुकूलता वा प्रतिकूलताको स्थिति निर्धारणमा महत्त्वपूर्ण हुँदो रहेछ। यसै प्रतिकूलतालाई मध्यनजर गरी हामी यसलाई साँस्कृतिक प्रतिगमन भन्न सक्छौं वा सक्दैनौं ? जो स्थापित थिएन, मापक बन्छ वा बन्दैन ?

जुन दिशामा समाजलाई एक हदसम्म उत्प्रेरित गरियो, पछि हट्नु सामाजिक साँस्कृतिक प्रतिगमन हो वा होइन ? सामाजिक सम्झौता, पराजय वा भित्री चाहनाको प्रस्फुटन, यसलाई कसरी बुझ्ने भन्ने सवालमा तथ्यपरकता कति आवश्यक छ ? अन्योललाई हटाउन सकारात्मक छलफल आवश्यक महसुस भइरहेको छ। यसले आन्दोलनको स्तर मापनमा पनि सहयोग गर्ने छ भन्ने लागेको छ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ। तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ। – सं.

# पशुपति क्षेत्रमा नवदुर्गा नाच सुरु



**काठमाडौं/मस**-मल्लकालदेखि भक्तपुरबाट नवदुर्गाका गण आएर पशुपति क्षेत्रको जयवागेश्वरीमा देखाइने नवदुर्गा नाच आजदेखि सुरु भएको छ । रणजीत मल्लको पालामा सुरु भएको नवदुर्गा नाच प्रत्येक वर्ष मार्गशीर्ष शुक्ल नवमीमा पशुपतिमा आई मोक्षदा एकादशीका दिन नाच सम्पन्न गरी फर्कने चलन छ। यो नाच मोक्षदा एकादशीका दिन मंसिर २६ गते पशुपतिबाट फर्कने छ ।

नवदुर्गा, भैरव, गणेश लगायत देवी देवताको मूर्तिसहित नवदुर्गाका गण भक्तपुर दरबार क्षेत्रबाट पैदल पशुपति आउने मल्लकालदेखिको परम्परा छ । पैदल आउनेक्रममा पुलबाट समेत नहिँडी नदीमा पैतालाले टेकेर तर्नुपर्ने चलन रहेको पशुपति क्षेत्रका संस्कृतिका विषयमा अनुसन्धान गरिरहेको स्थानीयवासी मुकुन्दराज वैद्यले जानकारी दिए ।

नवदुर्गाका गण त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको धावनमार्गबाट आई सोही बाटो फर्कने गरेका छन् । दुई सय वर्षभन्दा पुरानो नवदुर्गा नाचको मार्गमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बनेपछि यही मार्ग भएर आउने गरिएको हो । विमानस्थलको सुरक्षामा खटिएका सुरक्षा समूहसमेतले नवदुर्गाका गणलाई आउन दिने गरेको उनले बताए ।

नाच देखाउने क्रममा नवदुर्गाका गण नवमी र दशमी गरी दुई रात जयवागेश्वरीस्थित नवदुर्गा डबलीअघिको देवता घरमा बस्ने गर्छन् । विगतदेखि कम्तीमा दुई सयभन्दा बढी नवदुर्गाका गण आउने गरेका छन् । २०३९ देखि यो जात्रालाई सहयोग एवं समन्वय गर्दै आएका काठमाडौं महानगरपालिका-८ का पूर्व वडा अध्यक्ष सुवर्ण वैद्य नवदुर्गा नाचका क्रममा पशुपति क्षेत्रमा धेरै दर्शकले जात्रा अवलोकन गर्ने बताउँछन् ।

जयवागेश्वरी ल्याएपछि देवीलाई पशुपति क्षेत्र विकास कोष अन्तर्गतको अमालकोट कचहरीका तर्फबाट बलिसहित पूजा गर्ने परम्परा छ । तान्त्रिक विधिमा आधारित नवदुर्गा नाचका क्रममा कसैले यस संस्कृतिलाई गिज्याउँदा दुष्परिणाम भोग्नुपरेका उदाहरणसमेत रहेको स्थानीय बताउँछन् । नवदुर्गा नाच पशुपति क्षेत्रसँगै बनेपाको चण्डेश्वरी, टोखा चण्डेश्वरी, साङ्ला, ठिमीलगायत स्थानका देवी मन्दिरअघिसमेत लगेर देखाउने परम्परा छ ।

पशुपति क्षेत्रमा हरिसिद्धिको जात्रा आउने वर्ष भने नवदुर्गाका गण आउँदैनन् । विगतमा हरिसिद्धि र नवदुर्गाको नाच जयवागेश्वरीमा एकैपटक आएका बेला दुवै देवीबीच झगडा भएकाले हरिसिद्धि आउने वर्ष नवदुर्गा नआउने नियम बसालिएको हो । २०७८ को मार्गशीर्ष शुक्ल नवमीमा हरिसिद्धिको नाच जयवागेश्वरी आएको थियो । जाडो महिनामा जात्राको समय पर्ने भएकाले दुई रातसम्म नवदुर्गा डबलीअघि गणलाई आगो बालेर ताप्ने व्यवस्था मिलाइने गरिन्छ । यस जात्रालाई २०३९ देखि स्थानीयवासीले पैसा उठाएर सहयोग गर्दै आएका छन् । यसको व्यवस्थापन हाल जयवागेश्वरी युवा क्लबले गर्दै आएका छन् । नवदुर्गाका गणलाई जयवागेश्वरीवासीले घर घरमा लगी टीका लगाइदिने र मीठा कुरा खान दिने परम्परा छ ।

विगतमा नवदुर्गाका गणका नाममा गुठी राखिएकामा मासिएपछि विभिन्न स्थानमा गएर जात्रा देखाउन स्रोतको समस्या हुने गरेको गणनायकको भूमिकामा रहेका दयाराम वनमाला बताउँछन् । उनका अनुसार गुठी मासिएपछि नाच लैजाने स्थलका स्थानीयवासीको साथ र सहयोगमा यो ऐतिहासिक परम्पराले निरन्तरता पाउँदै आएको छ ।

नाचका क्रममा नवदुर्गालाई पशुपतिनाथको मूल मन्दिर परिसरसमेतमा परिक्रमा गराउने विधि रहेको गणका सदस्य बुद्धिबहादुर वनमालाले सुनाए । जात्राका क्रममा तीन दिनसम्म जयवागेश्वरी मन्दिरअघिबाट सिफल जाने मार्ग बन्द गरेर नाच देखाइन्छ ।

# जीप दुर्घटनामा चालकको मृत्यु, ५ घाइते

**बिन्द्र राई/मध्यान्ह**
उदयपुर, २४ मंसिर

उदयपुरको गाईघाटबाट लिमचुङबुङतर्फ जाँदै गरेको बोलेरो जीप दुर्घटना हुँदा चालकको निधन भएको छ । लिमचुङबुङ ४ छाताङस्थित माझखर्क-बाराहा सडकखण्डमा सोमबार दुर्घटनामा परी २६ वर्षीय चालक युवराज तामाङको निधन भएको जिल्ला प्रहरी कार्यालय उदयपुरले जनाएको छ। मृतक तामाङ त्रियुगा नगरपालिका १६ सुकौराका स्थायी बासिन्दा भएको जिल्ला प्रहरी कार्यालय उदयपुरका निरीक्षक सन्तोष कार्कीले जानकारी दिए । चालकसहित ७ जना सवार बा १ च ३२६७ नं. को बोलेरो छाताङस्थित तीनचोके घुम्ती सडकमा दुर्घटना भएको इन्स्पेक्टर कार्कीले बताए ।

दुर्घटनामा परी जीपमा सवार ५ यात्रु घाइते भएका छन् भने एकजना सकुशल रहेको प्रहरीले जनाएको छ । ईलाका प्रहरी कार्यालय बाराहाको टोली दुर्घटनास्थल पुगेर मृतकको शरीर तथा घाइतेहरुको उद्धार गरी उपचारार्थ जिल्ला अस्पताल गाईघाटतर्फ ल्याइएको प्रहरीले जनाएको छ ।


**काठ दाउरा बिक्री लिलाम सम्बन्धी २१ दिने सूचना**

**प्रथम पटक प्रकाशित २०८१/०८/२५ गते**

जिल्ला कैलाली घोडाघोडी नगरपालिका वडा ११ मा रहेको यस सामुदायिक वन उपभोक्ता समूहको वन क्षेत्रबाट आ.व. २०८०/२०८१ मा संकलन भएर उत्पादन भै घाटगद्दी गरि राखिएको सालको ३८ गोलिया २५६.२ जम्मा गोलिया ३८ थान को २५६.२ क्यु.फिट काठ सामुदायिक वनको घाटगदिमा मौज्दात रहेकाले शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गर्नुपर्ने भएकाले इच्छुक व्यक्ति, संघ र संस्था, फर्म वा कम्पनीले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले २१ दिन भित्र बोलपत्र खरिद गरि २२ औं दिनमा शिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । विस्तृत जानकारीको लागि सूचना यस सा.व.उ.स को कार्यलयमा सूचना टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

**श्री पशुपतिनाथ सामुदायिक वन उपभोक्ता समूह**
**घोडाघोडी नगरपालिका वडा ११, कैलाली**



**कर्मचारी नरहेको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि. (श्रम इजाजत पत्र नं. ५७३/०६२/०६३)** मा कार्यरत कर्मचारी **नाम सुष्मा गुरुङ, नागरिकता प्र.नं २२१०३२/१२५,** यस कम्पनीमा नरहेको व्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ। साथै निजसँग यस कम्पनीको हैषियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला। यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराईन्छ। साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग, ताहाचल, काठमाण्डौंमा ७ दिनभित्र सम्पर्क गर्नु हुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्सः ४४६५३९५
Email : admin@bridgeskyint.com.np
श्रम इजाजत नं. ५७३/०६२/०६३


# लुम्बिनीमा भ्रष्टाचारविरुद्धको रणनीतिक योजना तयार

**सरु भुसाल/मध्यान्ह**
भालुवाङ, २४ मंसिर

लुम्बिनी प्रदेशमा भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइएको छ । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले राप्ती उपत्यका देउखुरीमा सोमबार भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस औपचारिक कार्यक्रम गरेर मनाइएको हो । मुख्यमन्त्री चेतनारायण आचार्यले सुशासनयुक्त र भ्रष्टाचारमुक्त लुम्बिनी प्रदेश बनाउने अभियानमा सरकार लागि परेको बताएका छन् ।

समृद्ध लुम्बिनीः आत्मनिर्भर प्रदेशको दीर्घकालीन सोंच र सुशासनयुक्त तथा भ्रष्टाचारमुक्त प्रदेश निर्माणको संकल्पलाई पूरा गर्न दृढता व्यक्त गरे। सुशासन कायम हुँदा भ्रष्टाचारको मात्रा आफै घटेर जाने बताए। 'राजनीतिकर्मीहरु, जो नीति निर्माण गर्ने थलोमा छौं । त्यो नीति निर्माण गर्ने थलोमा भएका र कार्यान्वयन गर्ने तहमा रहेका हामी सबैले मन बचन र कर्मले मैले भ्रष्टाचार गर्दैन र गर्न दिँदैन भन्ने संकल्प लिने हो भने भ्रष्टाचार अन्त्य गर्न सकिन्छ। त्यो सम्भव छ' उनले भने,'प्राप्त जिम्मेवारीहरु पूरा गर्न सकियो कि सकिएन भनेर सबैले सिंहावलोकन गर्न जरुरी छ।' सबै इमानदार बन्दा भ्रष्टाचार अन्त्य गर्न सकिने भनाई उनको छ।



प्रमुख सचिव महादेव पन्थको अध्यक्षता तथा मुख्यमन्त्री आचार्यको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रमलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग बुटवल कार्यालयका प्रमुख राजेन्द्रकुमार पौडेलले आयोगको काम कारबाही, वर्तमान अवस्था, चुनौती र सदाचारिता प्रवर्द्धनका लागि भएका प्रयासहरुको बारेमा जानकारी गराएका थिए। सो अवसरमा प्रदेश मामिला तथा कानुन समितिका सभापति दिलकुमारी बुढा, नागरिक समाज दाङका संयोजक निमबहादुर थापा लगायतले सुशासन कायम गर्न भ्रष्टाचारविरुद्धको अभियानलाई तिव्रता दिन जरुरी रहेको धारणा राखे । प्रदेश सचिव अणप्रसाद न्यौपानको स्वागत तथा कार्यक्रमको विषयवस्तुमाथि प्रकाश पार्दै प्रदेश सरकारले भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धन सम्बन्धी नीतिगत, कानुनी, संस्थागत सुधारको प्रयास बारेमा जानकारी गराएका थिए । कार्यक्रमको सहजीकरण उपसचिव मोहन अर्यालले गरेका थिए ।

**लुम्बिनीमा बन्यो भ्रष्टाचार विरुद्धको रणनीतिक योजना**

लुम्बिनी प्रदेश सरकारले सुशासन प्रवर्द्धन तथा भ्रष्टाचार न्यूनीकरण सम्बन्धी पाँच वर्षे रणनीतिक कार्ययोजना, २०८१ तयार पारेको छ। आर्थिक वर्ष २०८१/०८२ देखि २०८५/०८६ सम्म लागु हुनेगरी रणनीतिक योजना तयार पारिएको हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको ३४औं वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८०/०८१ मा आयोगमा दर्ता भएको कूल उजुरी ३६ हजार एक सय ८६ मध्ये लुम्बिनी प्रदेशमा स्थानीय तह र प्रदेश गरी चार हजार ८ सय ९४ भ्रष्टाचारको उजुरी परेको थियो । प्रदेश सरकारले सुशासन प्रवर्द्धन र भ्रष्टाचार न्यूनीकरणका लागि नीतिगत, कानुनी र संस्थागत व्यवस्था एवं कार्यक्रमहरु सञ्चालन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई जनमुखी, जवाफदेही एवं पारदर्शी बनाउन प्रदेश सुशासन ऐन, २०७६ कार्यान्वयनमा रहेको प्रदेश सरकारले जनाएको छ । पारदर्शीता, सुशासन र उत्तरदायित्वको भावनालाई मूर्तरुप दिन खर्च प्रणालीमा मितव्ययिता र पारदर्शीता कायम गरी सुशासन प्रवर्द्धनका लागि प्रदेश सुशासन केन्द्रमार्फत विभिन्न क्षमता विकास कार्यक्रमहरु सञ्चालन हुँदै आएको छ । सार्वजनिक सेवालाई सहज र पहुँचयोग्य बनाउन प्रदेश मन्त्रालय, प्रदेशस्थित कार्यालय र प्रदेशभित्रका स्थानीय तहबाट सञ्चालन हुने सेवा प्रवाह, कार्यक्रम तथा क्रियाकलाप कानुनी शासनको अवधारणामा आधारित रही कानुन, कार्यविधि, मापदण्ड निर्माण गरेर कार्यन्वयनमा ल्याइएको छ । भ्रष्टाचारको जोखिमक्षेत्रको रुपमा यातायात सेवा अन्तर्गत सवारी चालक अनुमति, सवारी दर्ता, नवीकरण, सार्वजनिक खरिद, निर्माण, सुधार, मर्मत, परामर्श सेवा, आयोजनाको अध्ययन, अनुसन्धान, डिपीआर तयारीको काम, यातायात र मालपोत क्षेत्रबाट राजश्व चुहावट लगायत पहिचान गरिएको छ ।


**कुवेतमा रोजगार** कम्पनी: KATOT DELIVERY COMPANY शहर: KUWAIT
पूर्व स्वीकृत मितिः २०८१/०८/२४ चलानी नं.: ६०२२९४६५ LT. No.: 315159

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver (Nepali License) | 13 | 0 | स. काममा दक्ष | 135 | ५९,४१८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २ गते (17 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

HABiBi International Recruitment Pvt.Ltd. Gov Lic No: 1666/080/081
पिंगलास्थान, काठमाडौं, नेपाल । फोन नं: ०१-४५९५१७१ E-mail : info@habibirecruitment.com
Website:www.habibirecruitment.com



**यूएईमा रोजगार** कम्पनी : AL JASER AL SHAMEKH CLEANING SERVICES शहर: ABU DHABI
पूर्व स्वीकृत मितिः २०८१/०८/२४ चलानी नं.: ६०२२९४४२ L.T. No.:315129

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner Male | 19 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २९,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |
| 2. | Female Cleaner | 0 | 10 | | 800 | २९,४४८ | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २ गते (17 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

Harmony Talent Nexus Pvt. Ltd. Govt.Lic.No. 1696/081/082
Baneshwor -31, Kathmandu, Nepal. Tel.: 01-5921526, 5921527. Hotline: +977-9801358577
Email: info@harmonytalent.com.np. Website: www.harmonytalent.com.np



**SAUDI मा रोजगार** कम्पनी: ABDULLAH I. AL-MUNIEF EST FOR TRADING & TRANSPORTATION शहर: KSA
पूर्व स्वीकृत मितिः २०८१/०३/१८ चलानी नं.: ६०२२१७७८ L.T. No.:306984 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 19 | 0 | स. काममा दक्ष | 1800 | ६४,७८२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २ गते (17 December 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

स्काई-वे म्यानेजमेन्ट प्रा. लि. श्रम इजाजत नं. ९००/०६७/०६८
गौशला, काठमाडौं, नेपाल, फोन: ४५६०१६०, Email: skywaygaushala@gmail.com, Web: www.skywaynepal.com



**युएईमा रोजगार** कम्पनी: POWER RECRUITMENT LLC शहर: UAE
पूर्व स्वीकृत मितिः २०८१/०८/२४ चलानी नं.: ६०२२९४५७ L.T. No.: 315134

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा / बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Labourers | 150 | 0 | स. काममा दक्ष | 800 | २९,४४८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष २ देखि ७ गते सम्म (17 to 22 December 2024) हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्टयाम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

J.K. OVERSEAS PVT. LTD. Gov. Lic. No. 1720/081/082
Sukedhara - 4 , Kathmandu, Tel : 01-4548016, Mob.: 9803645644, 9861546458, E-mail: jkoverseasnepal@gmail.com



# Sunchhahari Rural Municipality
# Office of The Rural Municipal Executive
**Pobang, Rolpa**

## Invitation for Sealed Quotation

**Invitation for Sealed Quotations for the Construction Work on the Following Project**

**(Date of Publication: 10-12-2024, 12:00 pm)**

1. Office of Sunchhahari Rural Municipality, Pobang, Rolpa, invites bids from eligible bidders for the construction of Following Project for, under Sealed Quotation Procedures.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the Office of Sunchhahari Rural Municipality, Pobang, Rolpa, Nepal or may visit PPMO website www.bolpatra.gov.np/egp
3. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank: Nepal SBI Bank Ltd, Sunchhahari, Rolpa
   Name of the Office: Sunchhahari Rural Municipality, Pobang, Rolpa
   Office Code No: 801055409
   Office Account Name &No: GA 1.1 ANTARIK RAJASWA KHATA 43595241207004 (for Bid document fee)
   Dharauti Account Name &No.: GA.3 SUNCHHAHARI DHARAUTI KHATA 43525240600003 (for Bid Security)
4. Sealed bids must be submitted to the office of Sunchhahari Rural Municipality electronically through PPMO website www.bolpatra.gov.np/egp on or before **12:00** on **25th December, 2024 (2081/09/10)**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00** on **25th December, 2024.** at the office of Sunchhahari Rural Municipality. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security**,** which shall be valid for 30 days beyond the validity period of the bid (i.e. 10th March, 2025)
6. If the last date of purchasing and or submission falls on a government holiday then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

| S. N. | Contract ID | Contract Name | Estimated Amount (Excluding VAT)Rs. | Bid Security Rs. | Bid Fee Rs. | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | SRM/WORKS/SQ/01/081-082 | Shree Shakha AaBi Phuliban Gate Sahit Gherabar Nirman Sunchhahari-1,Rolpa & Shree Navachetana AaBi Mabang Gherabar Sunchhahari-5,Rolpa | 1,695,802.94 | 45,000.00 | 1,000.00 | SQ |
| 2. | SRM/WORKS/SQ/02/081-082 | Shree Janata MaBi Bahirigaam Gherabar Sunchhahari-3,Rolpa & Jhyalgong Dalit Basti Sindhi Nirman Sunchhahari-2,Rolpa | 1,696,911.80 | 45,000.00 | 1,000.00 | SQ |
| 3. | SRM/WORKS/SQ/03/081-082 | Gaunghar Clinic Bhaban Nirman, Korbang Sunchhahari-7 Rolpa | 848,775.22 | 25,000.00 | 1,000.00 | SQ |
| 4. | SRM/WORKS/SQ/04/081-082 | Shree Ripukot Pra.Bi. Fagam Field Nirman,Sunchhahari -6 Rolpa & Shree Nera. Ma.Bi.Siuri Field Nirman Sunchhahari -4 Rolpa | 1,698,105.91 | 45,000.00 | 1,000.00 | SQ |

**Chief Administrative Officer**

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
२५ मंसिर २०८१, मंगलबार
10 December 2024, Tuesday

# किसानको मागअनुसार बिउ वितरण गर्न आग्रह

**सूर्यप्रसाद भुसाल / मध्यान्ह**
अर्घाखाँची, २४ मंसिर




जिल्ला समन्वय अर्घाखाँचीका प्रमुख जीवनारायण कोईरालाले निर्वाहमुखी कृषिलाई दिगो, उद्यमशीलता र प्रतिस्पर्धात्मक कृषि प्रणालीमा रूपान्तरण गर्न सरकार तिनै तहका सरकारले साझा योजना बनाउनुपर्ने बताएका छन्। उनले दुई तिहाई ग्रामीण जनताको जीविकोपार्जनको माध्यम कृषि रहेकोले यसको विकास बिना कृषिमा क्रान्ति हुन नसक्ने बताएका हुन्।

कोईरालाले भने,'कृषिमा उच्च लागत, कम उत्पादकत्व, मानव श्रममा आधारित, गुणस्तरीय कृषि सामग्रीहरू( बीउ, मल, सिँचाइ, मेसिन)मा सीमित पहुँच र अव्यवस्थित बजारहरूले बाधा पुऱ्याइरहेकोले अब त्यस्ता दालका समस्या समधानमा सरकार लाग्नुपर्ने बताएका हुन्। किसानहरू र उद्यमीहरूले कृषि ऋण र सरकारी सहयोग सहज रूपमा पाउन नसकेको बताउँदै कोईरालाले त्यसलाई सहज, छिटो र छरितो बनाउन सरकारले विशेष ध्यान दिनुपर्ने बताए। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी बाबुराम अर्यालले जलवायु परिवर्तनको असर र प्रभाव कृषि क्षेत्रमा देखिन थालेको बताउँदै यस क्षेत्रमा संवेदनशील हुनुपर्नेमा बेला आएको बताए। जलवायु परिवर्तनको असरले कृषि उत्पादकत्व र उत्पादनलाई घटाइरहेको बताउँदै अर्यालले कृषि प्रणाली र खाद्य सुरक्षामा थप चुनौतीको रूपमा देखिएको उनको दाबी छ।

अर्घाखाँचीका सबै एग्रोभेट सञ्चालक तथा व्यावसायिक किसानहरूलाई विषादी प्रयोग र नियमनका बारेमा जानकारी गराउने उद्देश्यले कृषि ज्ञानकेन्द्र अर्घाखाँचीले आयोजना गरेको कार्यक्रमलाई सम्बोधन गर्दै उनीहरुले यस्तो बताए। जिल्लामा व्यवसायिक एग्रोभेट सञ्चालक र केही व्यावसायिक किसानहरूलाई विषादीको प्रयोगबारे जानकारी गराइएको कृषि ज्ञानकेन्द्र अर्घाखाँचीका प्रमुख बुद्धि राज घिमिरेले जानकारी दिए।

एग्रोभेट सञ्चालकहरू किसानहरूसँग प्रत्यक्ष जोडिएका हुनाले विषादीको प्रयोग र नियमनका बारेमा सरकारी निकायलाई भन्दा बढी जानकारी हुनुपर्ने भन्दै गोष्ठीको आयोजना गरेका ज्ञान केन्द्र प्रमुख घिमिरेले बताए। 'कुनै पनि सिजनमा बीउमा समस्या देखिने गरेकोले किसानहरु मर्कामा नपरुन भन्नका लागि र कुनै समस्या बीउ र विषादीमा देखा नपरोस् भनेर यो गोष्ठी आयोजना गरेका हौँ' घिमिरेले भने। कार्यक्रममा कृषि ज्ञानकेन्द्र गुल्मीका प्रमुख नरेश धितालले वर्तमान प्रदेश कानुन ऐन नियम भावी योजना विषादीको प्रयोग गर्ने तरिकाबारे उनले विशेष गरी जीवनाशक विषादी व्यवस्थापन ऐन २०८१ बारे प्रस्ट पारेका थिए।

उनले विषादीका बारेमा बनेका नीति नियमका बारेमा एग्रोभेट सञ्चालक तथा किसानहरू पूर्ण रूपमा जानकार हुनुपर्ने बताए। साथै उनले विषादी भण्डारणको ठूलो समस्या रहेको भन्दै सरकारले चाडै विषादी भण्डार गृह पनि निर्माण गर्ने गरी प्रदेश सरकारले योजना बनाएको जानकारी दिए। बिउ बिजन प्रयोगशाला रुपन्देहीका प्रमुख दिपक सापकोटाले नेपालमा विषादीको अवस्था, कस्ता विषादीहरू प्रतिबन्धित रहेका छन् भन्ने विषयमा प्रस्तुति दिएका थिए। कार्यक्रममा उपस्थित एग्रोभेट सञ्चालक तथा किसानहरूले एक दिनको गोष्ठीले मात्र नहुने बताए। उनीहरूले विषादी जस्तो विषय प्राविधिक कुरा भएका कारण धेरै दिनको तालिमहरू उपलब्धी गराउन कृषि ज्ञानकेन्द्र अर्घाखाँची समक्ष माग गरेका थिए।

कार्यक्रममा पाणिनी गाउँपालिकाका उपाध्यक्ष नर्मदा पौडेल, छत्रदेव गाउँपालिका उपाध्यक्ष मनि पन्थी, मालारानी गाउँपालिका उपाध्यक्ष दिपा पोखेल, सन्धिखर्क नगरपालिकाका प्रवक्ता मोतिजङ रायमाझी लगायतले मन्तब्य राखेका कृषि प्रसार अधिकृत टिकाराम न्यौपानेले जानकारी दिए। अर्घाखाँची जिल्ला सदरमुकाममा व्यापार व्यवसाय गर्ने एग्रोभेट सञ्चालक विषादी बिक्रेता, स्थानीय किसानहरुको उल्लेखनीय सहभागीता रहेको कार्यक्रम शारदा पौडेलले सञ्चालन गरेकी थिइन्।

# राधाकृष्ण सत्संग भजन तथा शिव पुराणको समापन

**तेज बन / मध्यान्ह**
इटहरी, २४ मंसिर



सुनसरीको इटहरीस्थित माया घर नेपालमा राधाकृष्ण सत्संग भजन तथा शिव पुराणको समापन गरिएको छ। ६ महिना अघि तनहुँबाट सुरू भएको पुराण आइतबार इटहरीस्थित मायाघरमा समापन गरिएको हो। पुराणसँगै आइतबार शिव गंगा आरती पनि गरिएको थियो। सामाजिक सञ्जाल टिकटकबाट लगातार ६ महिनासम्म प्रत्यक्ष प्रसारण गरिएको महापुराण सकारात्मक सुझावसहित समापन गरिएको राधाकृष्ण सत्संग भजन मालाका प्रगती पोखेलले बताए।

'मुलुकमा हिन्दु राष्ट्रको स्थापनासँगै दिगो विकास र शान्ति कायम होस्' भन्ने मूल भावसहित आयोजना गरिएको महापुराण नेपालका विभिन्न जिल्लाहरू लगायत बाहिरका देशहरूमा पनि सञ्चालन गरिएको संस्थाका सचिव पोखेलले बताए। दिन दुखी असाहाय र असक्तहरूलाई सहयोग गर्नको निम्ती यो पुराण गरिएको माया घर नेपालकी अध्यक्ष सुभद्रा प्याकुरेलले बताइन्।

सडकमा बेवारिसे अवस्थामा रहेका मानिसहरूलाई उठाएर नयाँ जीवन प्रदान गरेको भन्दै सत्संग टोलीले माया घरको बेग्लै भजन बनाएर गितमार्फत प्रस्तुत गरेका थिए। दुई दिनसम्म चलेको पुराणमा एक हजार भन्दा बढी भक्तजनहरूको उपस्थिति रहेको थियो भने संकलित रकम तथा सामग्रीहरू सबै माया घरलाई नै जिम्मा लगाइएको पुराण आयोजकले जनाएको छ। माया घरले गरेको प्रशंसनीय कामको चर्चा विश्वभर पुऱ्याउने प्रसंग र यहाँ आश्रीत लिएकाहरूलाई थोरै भएपनि केही सहयोग जुटोस् भन्ने भावनाका साथ दुई दिने राधाकृष्ण सत्संग भजन तथा शिव पुराणको आयोजनासँगै समापन पनि गरिएको सत्संग टोलीले जनाएको छ। सो पुराणबाट काम गर्ने थप प्रेरणा उत्प्रेरित भएको माया घर नेपालकी अध्यक्ष सुभद्रा प्याकुरेलले बताइन्।

पुराणमा कोशी प्रदेशकी सांसद मिना कुमारी श्रेष्ठ, विराटनगर महानगरका प्रमुख भिम पराजुली, इटहरी उपमहानगरकी उपप्रमुख संगीता चौधरी लगायतले शुभकामना मन्तब्य राखेका थिए। दाताहरूकै सहयोगबाट सञ्चालित माया घरमा हाल १४६ जनाले आश्रय लिइरहेका छन्। जसमा ज्येष्ठ नागरिक ९३, बालबालिका १४, अपाङ्ग १३ र युवा २६ जना रहेका छन्।

# प्रधानमन्त्रीद्वारा जग्गाधनी दर्ता प्रमाणपुर्जा वितरण

**झापा / मस**–प्रधानमन्त्री केपी शर्मा ओलीले झापाको गौरादह नगरपालिका वडा नं. ४ र ५ अन्तर्गतको जग्गाधनी दर्ता प्रमाण पूर्जा वितरणको सोमवार शुभारम्भ गरेका हुन्।

साविक महारानीझोडा गाविसमा चार हजार घरधुरीका करिब आठ हजार कित्ताको नापी प्रमाणित नभएका कारण स्थानीयवासीले लामो समयदेखि समस्या भोग्दै आएकोमा सरकारले गठन आदेशबाट समिति बनाइ समाधानको पहल गरेपछि प्रमाण पूर्जा वितरण गरिएको हो।

त्यस अवसरमा प्रधानमन्त्री ओलीले व्यवस्था परिवर्तनपछि पनि जनताको अवस्था परिवर्तन भएन भन्नेहरूका लागि जवाफ मिल्ने गरी अहिलेको संयुक्त सरकारले काम गरिरहेको बताइ। उनले जनताको हरेक समस्याको समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे।

मुलुकमा अस्थिरता मच्चाउने र देशको समस्या समाधान भएको देख्न नसक्नेहरूले सरकार ढल्न लाग्यो भनेर हल्ला फैलाए पनि एमाले र कांग्रेसबीचको सहमति अनुसार अबको १८ महिनापछि कांग्रेस सभापतिलाई सत्ता हस्तान्तरण गर्ने पुनःस्मरण गराए।

## नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेडको तपशिलमा उल्लिखित ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने अत्यन्त जरुरी सूचना

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

प्रकाशित मिति २०८१/०८/२५

**नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड**
दरबारमार्ग काठमाडौं, नेपाल, पोष्ट बक्स नं.: ३४१२
फोन नं. ९७७-१-४२२८२२९, ४२४२५३०
इमेल: info@nimb.com.np
वेबसाइट: www.nimb.com.np

तपशिलमा उल्लिखित ऋणीहरुले यस नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लिमिटेड (साबिक नेपाल ईन्भेष्टमेण्ट बैंक लि. र मेगा बैंक नेपाल लि. एक आपसमा गाभिएर बनेको संस्था)बाट उपभोग गर्नुभएको कर्जा समय-समयमा तिर्नु/बुझाउनुपर्ने साँवा, ब्याज र हर्जाना व्याज रकम नतिरी नबुझाई बैंकसँग गरेको कर्जा सम्बन्धी शर्त कबुलियतको उल्लंघन गर्नुभएको र ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई पटक पटक मौखिक एवम् लिखित तरताकेता गर्दा समेत कर्जाहरुको साँवा, व्याज, किस्ता र हर्जाना व्याज लगायतका रकमहरु बुझाउनेतर्फ कुनै पहल नगरेको हुनाले निजहरुका नाममा यस बैंकमा रहेका सम्पूर्ण ऋण कर्जाहरु चुक्ता भुक्तानी गर्नुहुन यो ३५ (पैंतिस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिनभित्र** बैंकमा सम्पर्क राखी बुझाउनुपर्ने सम्पूर्ण साँवा, व्याज, किस्ता र हर्जाना व्याज रकम अविलम्ब चुक्ता भुक्तानी गर्नुहुन अनुरोध छ। अन्यथा, ऋणी र बैंकबिच भए गरेका शर्त सम्झौता, बैंकको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन २०५८, बैंकको नियम तथा अन्य प्रचलित कानूनले बैंकलाई दिएको अधिकार प्रयोग गरी सम्बन्धित सबैलाई **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचीमा नाम समावेश** गर्न लेखि पठाई ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु/धितो सुरक्षणदाताले धितो सुरक्षण स्वरुप बैंकलाई लेखिदिएको चलअचल सम्पति जे जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गरी वा अन्य प्रक्रिया अपनाई बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्नेतर्फ आवश्यक कानुनी कारवाही अगाडी बढाईने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको सम्पति लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुको घरघरानाबाट असुल उपर गर्ने प्रक्रिया अगाडी बढाईने व्यहोरा समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

| क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण | क्र.सं. | ऋणी तथा व्यक्तिगत जमानीकर्ताको नाम ठेगाना/विवरण |
|---|---|---|---|
| १. | **ऋणी : पपूलर क्लिनिक (साना तथा मझौला उद्यम व्यवसाय कर्जा)-शाखा कार्यालय विराटनगर** दर्ता.नं. : १२/१०६४, ठेगाना : विराटनगर म.न.पा. ०९, मोरङ्ग<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. अविता सहनी** (ना.प्र.नं. ०५१०६६/४६७१, मिति २०६७/०८/२७ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) बाबु : कामेश्वर सहनी, बाजे : तनुक लाल सहनी<br>**२. कामेश्वर सहनी** (ना.प्र.नं. ३०/०४६/४७, मिति २०४६/१२/२१ जि.प्र.का. मोरङ्गबाट जारी भएको) बाबु : तनुक लाल सहनी, बाजे : बच्चु दास सहनी<br>**३. सुदामा देवी सहनी** (ना.प्र.नं. १५४०१, मिति २०६७/०८/२७ मा जि.प्र.का. मोरङ्गबाट जारी भएको) पति : कामेश्वर सहनी, ससुरा : तनुक लाल सहनी<br>**४. विजेन्द्र कुमार सहनी** (ना.प्र.नं. २७८१७, मिति २०५३/०२/२९ जि.प्र.का. मोरङ्गबाट जारी भएको) बाबु : कामेश्वर सहनी, बाजे : तनुक लाल सहनी | २. | **ऋणी : शुक्ल जनरल स्टोर (विविध कर्जा)-शाखा कार्यालय जितपुर**, प्रा.फ.नं. : २९६५/०६९, ठेगाना : गजेहडा ०२, कपिलवस्तु<br>**व्यक्तिगत जमानीकर्ताहरु :**<br>**१. ध्रुव नारायण शुक्ल** (ना.प्र.नं. ३८१४४४/४६४, मिति २०३८/०४/३० मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको) बाबु : विक्रम प्रसाद शुक्ल, बाजे : वंशमन शुक्ल<br>**२. मिना देवी शुक्ल** (ना.प्र.नं. ३८२०७६-६७९, मिति २०६४/०३/०७ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको) पति : ध्रुव नारायण शुक्ल, ससुरा : विक्रम प्रसाद शुक्ल<br>**३. अजित कुमार शुक्ल** (ना.प्र.नं. ३८-०१-०६८-१३३७३, मिति २०६८/०३/२१ मा जि.प्र.का. कपिलवस्तुबाट जारी भएको) बाबु : ध्रुव नारायण शुक्ल, बाजे : विक्रम प्रसाद शुक्ल |
| ३. | **ऋणी : मदन कृष्ण साई समुन्द्र (लघुवित्त कर्जा/विपन्न वर्ग कर्जा)-शाखा कार्यालय ठमेल**, (ना.प्र.नं. २७१०६०/१२५३५७, मिति २०७०/११/११ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) ठेगाना : का.म.न.पा. २९, काठमाडौं बाबु : ज्ञाने साई समुन्द्र, बाजे : गुन्टे साई समुन्द्र<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**नवीना शाही समुन्द्र** (ना.प्र.नं. २७१९६५४/१८९, मिति २०६२/०४/१६ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको) पति : मदन कृष्ण साई समुन्द्र, ससुरा : ज्ञाने साई समुन्द्र | ४. | **ऋणी : अर्जुन ढुङ्गाना (विपन्न वर्ग कर्जा)-शाखा कार्यालय ठमेल**, (ना.प्र.नं. २४६८, मिति २०४१/०३/०४ मा जि.प्र.का. काठमाडौंबाट जारी भएको), ठेगाना : अदुवाबारी, नुवाकोट बाबु : प्रलाद ढुङ्गाना, बाजे : लक्ष्मी प्रसाद ढुङ्गाना<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**सिता ढुङ्गाना** (ना.प्र.नं. ४९४३८, मिति २०५३/१२/१५ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको) पति : अर्जुन ढुङ्गाना, ससुरा : प्रलाद ढुङ्गाना |
| ५. | **ऋणी : पम्फा माया गुरुङ्ग (विपन्न वर्ग कर्जा)-शाखा कार्यालय ठमेल**, (ना.प्र.नं. १०८१७, मिति २०४३/०७/२५ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको), ठेगाना : हल्देकालिका, नुवाकोट, पति : रोज बहादुर लामा (तामाङ्ग), ससुरा : गोरे तामाङ्ग<br>**व्यक्तिगत जमानीकर्ता :**<br>**दिपक लामा** (ना.प्र.नं. ५९९६९, मिति २०५७/०८/१२ मा जि.प्र.का. नुवाकोटबाट जारी भएको), बाबु : रोज बहादुर लामा (तामाङ्ग), बाजे : गोरे तामाङ्ग | | |

## वर्गिकृत डिस्प्ले

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२५**

**स्वान भ्याली ट्रेक्स एण्ड एक्सपिडिसन प्रा.लि.** को २०८१/०६/१३ गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मानसरोवर यात्रा प्रा.लि. (प्रा.लि. नं.: ४५८६६)** कायम गर्ने गरी मिति २०८१/०७/०६ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८१/०८/२५**

**हिमालय स्प्रिट ट्रेक्स एण्ड एक्सपिडिसन प्रा.लि.** को २०८१/०७/२० गतेमा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **मिट नेपाल टुर्स एण्ड ट्रेक्स प्रा.लि. (प्रा.लि. नं.: १२६४१३)** कायम गर्ने गरी मिति २०८१/०८/०४ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

### प्रमाणपत्र हराएको सूचना

मिति २०८१/०८/२१ गते अन्दाजी १६ बजे टोखा-०३, काठमाडौं बाट माछापोखरी बाइपास जाने क्रममा CTEVT ले जारी गरेको ईलेक्ट्रिसियन दोस्रो तहको तपशिल बमोजिमको व्यहोरा भएको स्थायी प्रमाणपत्र हराएको हुँदा पाउनु हुने व्यक्तिले नजिकैको प्रहरी कार्यालय वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुन बिनम्र अनुरोध गर्दछु।

नाम: वाइछु पासाङ तामाङ
सिम्बोल नं.: १०२९५/०६७-०६८
रेन्ज नं.: ६४२८९/०६७
सर्टिफिकेट जारी गर्ने संस्था: प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्
सम्पर्क: ९८५१०९८४०४

## तानसेन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

**तानसेन, पाल्पा**
**लुम्बिनी प्रदेश, नेपाल**

**साझेदारीमा कार्यक्रम सञ्चालन गर्न इच्छुक निजी क्षेत्र/गैरसरकारी संघ संस्थाको लागि आशय पत्र आह्वानको सूचना**

**मितिः२०८१/०८/२४**
**नेपाल सम्वत् ११४५ थिंलाथ्वःअष्टमी, सोमबार**

तानसेन नगरपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा निजी क्षेत्र/गैर सरकारी संघसंस्थाको साझेदारीमा काम गर्ने उद्देश्यले "**साझेदारी कार्यक्रम सञ्चालन कार्यविधि २०८१**" कार्यान्वयनमा ल्याएको छ। यसै कार्यविधिको अधिनमा रही आर्थिक वर्ष २०८१/८२ देखि शुरु हुने गरी बहुवर्षिय/सालबसालीरुपमा कृषि तथा पशु विकासमा आधारित सानाकिसान तथा युवा उद्यमशिलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका इच्छुक निजी क्षेत्र/गैरसरकारी क्षेत्रका व्यक्ति/संस्थाहरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आशय पत्र पेश गर्न आह्वान गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण नगरपालिकाको वेवसाइट https://tansenmun.gov.np बाट डाउनलोड गर्न वा नगरपालिकाको कार्यालयबाट प्राप्त गर्न सकिन्छ। योग्यता नपुगेका र आवश्यक विवरणहरु र कागजात संलग्न नभएको प्रस्ताव उपर कारवाही गर्न नगरपालिका जवाफदेही हुनेछैन। आशय पत्रदाताको योग्यता, अनुभव, क्षमता र साझेदारीको लागी आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धताको आधारमा आशय पत्रको मुल्याङ्कन गरिनेछ।

**आशयपत्रका साथ संलग्न हुनुपर्ने कागजातहरु:**

१) आशयपत्र पेश सम्बन्धी निवेदन।
२) आशय पत्रको फारम।
३) संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, नियमनकारी निकायको अनुमति पत्र (अनुमतिपत्र लिनुपर्नेको हकमा)।
४) स्थायी लेखा नम्बर।
५) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने प्रतिवद्धता पत्र।
६) संयुक्त उपक्रममा कार्यगर्ने संस्थाहरुको हकमा दुबै संस्था बीचको कार्य जिम्मेवारी खुल्ने सम्झौता पत्रको सक्कल १ प्रति।
७) प्रस्तावना पेश गर्ने संस्थाको अख्तियार प्राप्त व्यक्तिको नागरिकताको प्रतिलिपी १ प्रति।
८) संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्रको सक्कल १ प्रति।
९) व्यक्ति, फर्म, कम्पनी तथा संघसंस्थाको विवरण (प्रोफाईल)।
१०) विगत सात वर्षमा काम गरेको समान प्रकृतिको काम र स्थानको विवरण। व्यक्तिगत आशयपत्रदाताको हकमा विगत चार वर्षमा सम्पन्न गरेको समान प्रकृतिको कामको विवरण।
११) प्रस्तावित कार्यमा संलग्न हुने प्रमुख जनशक्तिको वैयक्तिक विवरण।

**हरिराम नागिला**
**प्रमुख प्रशासकीय अधिकृत**

## मालपोत कार्यालय उदयपुर

**गाईघाट, (बोक्से)**

**मालपोत कार्यालय उदयपुर गाईघाट बोक्सेबाट प्रकाशित भएको नामसारी हकदाबी सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना**

जिल्ला उदयपुर साविक भुटार भै हाल रौतामाई गा.पा. २ बस्ने दिर्घ बहादुर तामाङ्ग समेतले हाम्रो बुवा मोहन सिं तामाङ्गको मिति २०७२/११/०२ गते र एक मात्र श्रीमति तथा हाम्रो आमा सुकमाया तामाङ्गको मिति २०५७/१०/२५ गते कालगतिले मृत्यु भएको हुँदा बुवा मोहन सिं तामाङको नाममा दर्ता श्रेस्ता कायम रहेको जिउ भुटार वडा नं. ८घ कि.नं. २२ ज. रो. ३-७-०-० कि.न. २५ को ४-५-२-०, कि.नं. ३५ को ७-१-१-०, कि.नं. ६१ को ०-११-०-०, ६क कि.न. ८९ को ८-८-०-० का जग्गाहरु निज दम्पतिको कोखबाट ६ जना छोराहरुको जायजन्म भएकोमा माइलो छोरा वृष बहादुर तामाङ्ग मिति २०३९ सालदेखि अविवाहित अवस्थामा नै वेपत्ता भएको हुँदा हामी ५ भाइ छोराहरुको नाममा नामसारी गरिपाँउ भनि माग निवेदन भएको हुँदा निवेदक बाहेक अरु कोही नजिकका हकदार छन कि छैनन् ? माइलो छोरा विवाहीत अवस्थामा कि अविवाहित अवस्थामा वेपत्ता भएको हो वेपत्ते भाइको कोही हकदार छन कि ? निवेदकहरु भन्दा अन्य कोही नजिकका हकदार कोही छन कि भनि हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। माग बमोजिम नामसारी हुनु नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिन भित्र स-प्रमाण यस कार्यालयमा दावी उजुरी गर्न आउनु होला अन्यथा प्रचलित कानून बमोजिम नामसारी तर्फ कारवाही भई जाने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**इति सम्बत २०८१ साल मंसिर २३ गते रोज ०१ शुभम्।**

## Bhimphedi Rural Municipality
## Office of Rural Municipal Executive

**Bhimphedi, Makwanpur**
**Bagmati Province, Nepal**

**Invitation of Electronic Bids for Upgrading of Solabhanjyang Bardeu Baaghmaara Sadak Bhimphedi-9**

**Date of publication: 10-12-2024 (25-08-2081)**

1. Bhimphedi Rural Municipality invites electronic bids from Nepalese eligible bidders for the Construction work mentioned as BOQ. under National Competitive Bidding procedures.
2. Eligible Bidder may obtain further information about Bidding Documents from PPMO e-GP system www.bolpatra.gov.np/epg, shall submit a written application along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee during office hours or online in the following Bank.
   - Name of the Bank: NIC Asia Bank Ltd, Bhimphedi Branch
   - Name of Office: Bhimphedi Rural Municipality Office
   - Internal Revenue (Rajaswa) Account no.: 167CA5750-3077001 (For purchasing Bid Documents Only)
   - Security Deposit (Dharauti) Account Number: G7CA503072524001 (For Bid Security Only)
3. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security `the validity period of the bid.

| S. N. | Description of works | Estimated amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Non- refundable fee for Bidding Document | Last date of bid submission |
|---|---|---|---|---|---|
| 1 | Upgrading of Solabhanjyang Bardeu Baaghmaara Sadak Bhimphedi-9 (BRMMK/NCB/ USBBS/04/2081.082) | Nrs. 42,75,676.76 | Nrs. 1,15,000.00 | Nrs. 3000 | 2081/09/25 12:00 PM 2025/01/09 12:00 PM |

4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
5. Please read, understand and agree to all the conditions mentioned in the document and submit the bid. Otherwise, the decision of the office will be the final decision.
6. In cases other than those mentioned above, the purchase will be in accordance with prevailing laws.

**Chief Administrative Officer**

# भ्रष्टाचार र अपराध नियन्त्रणमा कुनै सम्झौता हुँदैन : गृहमन्त्री

**सुर्खेत/मस**-गृहमन्त्री रमेश लेखकले शान्ति सुरक्षा सुदृढ गर्न कुनैपनि सम्झौता नगर्न मातहतका निकायलाई निर्देशन दिएका छन् । सोमबार कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगरमा आयोजित कार्यक्रममा यस्तो बताएका हुन । गृहमन्त्री लेखकले दश वर्षे सशस्त्र द्वन्द्वका बेला पनि कांग्रेस र एमाले मिलेर समस्या समाधान गरेको बताए। उनले दुई ठूला दल एमाले-कांग्रेस मिलेर संविधान बनाएको जिकिर गरे ।

'यो सरकार केही मानिसलाई मन्त्री बनाउन र सरकार बनाउनका लागि मात्र बनेको होइन । केही विशेष परिस्थितलाई सम्बोधन गर्न हामी एक ठाउँमा उचिएका हौं', ण्उनले भने,' आर्थिक क्रियाकलाप कम्जोर बने । त्यसलाई चलाएमा बनाउन हामी एक ठाउँमा उभिएका हौं । ६८ वर्षमा ७ वटा संविधान बनाउने विश्वका विरलै मध्ये एक नेपाल हो । धेरै संविधान बनाउनु भनेको देश अस्थिर हुनु हो । हामी स्थितरका लागि सरकार बनाएका छौं ।'

गृहमन्त्री लेखकले जनताका अधिकांश मुद्दा गृहमन्त्रालयसँग जोडिएकाले मातहतका निकाय चनाखो हुनुपर्ने अवस्था रहेको बताए । महंगी, दुर्घटना, लागुऔषध, अपराध, उपभोगदेखि गिटी बालुवाको अवैध उत्खनन् समेत गृहमन्त्रालय मातहत जोडिने भएकाले यी विषयमा चनाखो भएर काम गर्न आवश्य रहेको बताए ।

शान्ति सुरक्षा, लोकतन्त्र प्रवाह हुनपर्ने सेवाको स्थिति सुदृढ गर्न कुनै पनि सम्झौता नहुने र सबैलाई कानुनी दायरामा ल्याउनुपर्ने उनको भनाइ छ । 'लोकतन्त्र भनेको अनुशासनको परिवर्तन हो । अपराधकर्ताको व्यवस्था होइन । व्यक्तिको चरित्र हत्या गर्ने, जाति धर्म र क्षेत्रको बीचमा दोष लगाउने खालको गतिविधिमा केन्द्रित हुनुपर्छ,' मन्त्री लेखकले भने, 'सरकारको स्थायित्व, मुलुकको स्थायित्व र दिगो विकासबाट सरकार बनेकोले यसलाई नियन्त्रण गर्ने तिर पनि हामी केन्द्रित हुनुपर्छ ।'

उनले भ्रष्टाचार र अपराध नियन्त्रणमा कुनै सम्झौता नहुने बताए । 'अपराध गर्नेहरू सबै कानुनी दायरामा आउनुपर्छ', उनले भने, 'हाँसेर मात्र, सेवा प्रवाह गरे मात्र आधा समस्या समाधान हुन्छ । काम कसरी सम्पन्न गर्न सकिन्छ भन्नेमा मात्रै केन्द्रित हुनुपर्छ ।' कर्णाली सबैभन्दा धेरै सम्भावना र अवसर बोकेको प्रदेश बताउँदै उनले केही भौगोलिक विकटताका कारण पछि परेकाले यसमा सबैले ध्यान दिनुपर्नेमा जोड दिए ।



## अधिकतम खुद्रा बिक्री मुल्य (MRP) प्रकाशन गरिएको सुचना

**यस फर्म/कम्पनीले (जापान, ताईवान र थाईलैण्ड) बाट पैठारी गरेको देहायको मालवस्तुहरुको अधिकतम खुद्रा बिक्री मुल्य MRP निम्न बमोजिम भएको व्यहोरा सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

| S.NO. | BRAND | MODEL | CAPICITY | P. M.COUNTRY | QTY | RATE PER PICES | MRP |
|---|---|---|---|---|---|---|---|
| 1 | Canon | EOS 3000D 18-55DC | 18.0MP | TAIWAN | PCS | NPR | 49,990 |
| 2 | Canon | PS G-7X III | 20.1MP | JAPAN | PCS | NPR | 139,990 |
| 3 | Canon | PS G-7X II | 20.1MP | JAPAN | PCS | NPR | 99,990 |
| 4 | Canon | SX-740HS | 20.3MP | JAPAN | PCS | NPR | 74,990 |
| 5 | Canon | SX70 HS | 20.3MP | JAPAN | PCS | NPR | 109990 |
| 6 | Canon | EOS R6 II Body | 24.2MP | JAPAN | PCS | NPR | 309990 |
| 7 | Canon | EOS 1500D 18-55 | 24.1MP | TAIWAN | PCS | NPR | 64,990 |
| 8 | Canon | EOS R100 18-45 | 24.1MP | TAIWAN | PCS | NPR | 72,990 |
| 9 | Canon | EOS-R50 Kit 18-45 | 24.2MP | TAIWAN | PCS | NPR | 118,990 |
| 10 | Canon | EOS-R50 Kit 18-45/55-210 | 24.2MP | TAIWAN | PCS | NPR | 169,990 |
| 11 | Canon | EOS R10 18-45 | 24.2MP | JAPAN | PCS | NPR | 142990 |
| 12 | Nikon | Z-5 Body+Z40 F/2 | 24.7MP | THAILAND | PCS | NPR | 165,990 |
| 13 | Nikon | Z-50 II KIT 16-50VR | 20.9MP | THAILAND | PCS | NPR | 174,990 |
| 14 | Nikon | P950 | 16.0MP | THAILAND | PCS | NPR | 10499 |
| 15 | Nikon | Z8 Body | 45.7MP | THAILAND | PCS | NPR | 559990 |

SELLER : PRIMAX INTERNATIONAL INC — PAN NO. 300047253
ADDRESS: NEW ROAD, KATHMANDU — PH: 014248407

**Province Government**
**Transport Infrastructure Directorate**

## Infrastructure Development Office, Jhapa

**Koshi Province, Nepal**

### Invitation for Electronic Bids

Infrastructure Development Office, Jhapa invites sealed Bids for the following works.
First Date of publication: 10th December 2024 (Mangsir 25, 2081)
Last Date of Bid Submission:9thJanuary 2025 (Poush 25, 2081) at 12:00 Noon for NCB
Last Date of bid Submission: 26th December 2024 (2081-09-11) at 12:00 Noon for Sealed quotation

| S.N | Description of Works |
|---|---|
| 1 | Upgrading of Miteri Marga-Buddhashanti and Mechinagar Jodne Road, Buddhashanti-03,Jhapa. (Contract ID: IDO-JHP/W/NCB/MR-37/081-82) |
| 2 | Upgrading of Panch bige Marga-Ganesh Thapa ko Ghar bat Purba Gopi Bimaliko Ghar Samma Roadand Upgrading of Jay Buddha Marga Black Top Road, Buddhashanti.-02,Jhapa.. (Contract ID: IDO-JHP/W/NCB/MR-38/081-82) |
| 3 | Upgrading Of Sirish Ko Bot Hudai Sombare Madan Bhandari Lok marga Jodne Sadak,Jhapa. (Contract ID: IDO-JHP/W/NCB/MR-39/081-82) |
| 4 | Upgrading works of Dovan-Thawakhola-Aamchowk Road, Phakphokthum R.M. Ilam (Contract ID: IDO-JHP/W/NCB/MR-40/081-82) |
| 5 | Janta bazzar bata uttar tir ranamil kunjibaari jodne sadak,shivsatakshi-5 (Contract ID: IDO-JHP/W/NCB/MR-41/081-82) |
| 6 | Upgrading of Various Road in Shivsatakshi Ward no-11 sadak (Contract ID: IDO-JHP/W/NCB/MR-42/081-82) |
| 7 | Kerkha Petrol pump Hundai Swamichok Sadak Kalopatre (Contract ID: IDO-JHP/W/NCB/MR-43/081-82) |
| 8 | Upgrading of Fikkal Ring road Samabesi tol sadak suryodaya na pa 10 and samabesi tol jodane sadak. (Contract ID: IDO-JHP/W/NCB/MR-44/081-82) |
| 9 | Upgrading of Shivsatashi-4 bulu chok bata dakshin nahar hude trichanda dulal ghar hude jhiljhile chauri jodne sadak Contract ID: IDO-JHP/W/SQ/MR-45/081-82) |
| 10 | Upgrading of Amar Marga Charpane Shanischare Road Ratan Boharako Ghar bat Birtamod Jane Sadak,Arjundhara Municipality-5, Jhapa (Contract ID: IDO-JHP/W/SQ/MR-46/081-82) |
| 11 | Upgrading Of Arjundhara Na.Pa. 5 & 6 ko mukhani Khola Tole Kampadabari Jane Sadak, Jhapa (Contract ID: IDO-JHP/W/SQ/MR-47/081-82) |
| 12 | Upgrading of Arjudhara Sandhutar-Jeewan Chowks Road, Jhpa. (Contract ID: IDO-JHP/W/SQ/MR-48/081-82) |
| 13 | Upgrading of Pragati Road, Arjundhara Na.Pa.-10, Jhapa. (Contract ID: IDO-JHP/W/SQ/MR-49/081-82) |
| 14 | Construction Of Rampath Antargat Samudayik Uttar tatha Upakar Sangha Priteemoksha Bhawan Rampath Jodne and Agadi Radhakrishna Marga Jodne interlocking concrete Block Road, Jhapa. (Contract ID: IDO-JHP/W/SQ/MR-50/081-82) |
| 15 | Construction Of Shyam Rai Ko Ghar Uttar Charcha Hudai Arjun Meche ko Ghar Jane interlocking concrete Block Road, Jhapa. (Contract ID: IDO-JHP/W/SQ/MR-51/081-82) |
| 16 | Construction Of Mechi Rajmarga Pashchim Sayapatri Chowk Pavers Jaddan Buddhashanti, Jhapa. (Contract ID: IDO-JHP/W/SQ/MR-52/081-82) |
| 17 | Upgrading Of Tintale Parya Parayatan and Shahid Park Jodne Sadak, Buddhashanti-01, Jhapa. (Contract ID: IDO-JHP/W/SQ/MR-53/081-82) |

All interested bidders may visit thewebsitewww.bolpatra.gov.np/egpfor the detail information.

Office Chief

## नबिल बैंक लिमिटेड, जनकपुर भानुचोक शाखा, धनुषाको तपसिलमा उल्लेखित ऋणीलाई कर्जा चुक्ता भुक्तान गर्न आउने बारेको ३५ दिने सार्वजनिक सूचना

**(प्रकाशित मिति : २०८१/०८/२५)**

यस बैंकबाट ऋण लिएका तपसिल बमोजिमका ऋणीले ऋण लिदाँ गरिदिएको लिखत र ऋण स्वीकृति पत्रको शर्तमा तोकिए अनुसार बुझाउनु पर्ने साँवा, ब्याज समेतको बैंकको सम्पूर्ण लेना रकम नबुझाई ऋण लिदाँ गरेको शर्त कबुलियतको उल्लङ्घन गरेको र बैंकबाट मौखिक एवम् लिखित रुपमा पटक पटक तरताकेता गर्दा समेत सोको कुनै वास्ता नगरी चासो नदेखाई ऋण दायित्व फर्छ्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुनाले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

अत: यस बैंकमा सम्पर्क गरी यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतीस)** दिनभित्र बैंकलाई बुझाउन बाँकी रहेको सम्पूर्ण साँवा, ब्याज, हर्जाना ब्याज तथा अन्य दैदस्तुर चुक्ता भुक्तान गरी बैंकको कर्जा फरफारक फछ्र्यौट गर्न गराउनका लागि सम्बन्धित ऋणी, धितो जमानतकर्ता सहितका अन्य जमानतकर्ता एवं सम्बद्ध सबैलाई यसै सूचनाद्वारा जानकारी गराईन्छ । सो म्याद भित्र बक्यौता रहेको सम्पूर्ण रकम चुक्ता भुक्तान नगरेमा ऋणी एवं धितोजमानतकर्ताले बैंकलाई लेखिदिएको तपसिल बमोजिमको धितो लिलाम बिक्री गर्ने, सो हुन नसकेमा बैंक आफैंले धितोको सम्पत्ति गैर बैकिङ्ग सम्पत्तिको रुपमा सकार गर्ने वा अन्य व्यवस्था गरी बैंकको आफ्नो लेना असुल उपर गरिनेछ । कथंमकदाचित सो धितोबाट असुल उपर हुन नसके वा आंशिक रकम मात्र असुल उपर भई कर्जा बाँकी रहन गएमा उक्त बाँकी रकम ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ता ब्यक्ति तथा निजको हकको अन्य चल अचल सम्पत्ति समेतबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानून बमोजिम लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिलिनुका साथै कर्जा असुलीको लागि ऋण असुली न्यायधिकरण एवं अन्य सक्षम न्यायिक निकायमा दावी उजुरी गरिने तथा ऋणी र धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरुलाई समेत कर्जा सूचना केन्द्रको **कालो सूची**मा समावेश गर्ने प्रक्रिया अघि बढाइने व्यहोरा समेत ऋणी, धितो जमानत दिने एवं अन्य जमानतकर्ताहरु लगायत सम्बद्ध सबैलाई यसै सूचनाबाट जानकारी गराईन्छ ।

धितो जमानत गरिदिने जमानतकर्ता एवं अन्य जमानतकर्ताहरुले माथि उल्लेखित समयअवधी भित्र आफुले जमानत लेखिदिएको कर्जा एवं सोको ब्याज दैदस्तुर चुक्ता भुक्तान गरी आफ्नो धितो एवं जमानत फुकुवा गरी लिन सक्नु हुनेछ सो को लागि समेत यसै सूचना द्वारा सूचित गराईन्छ, अन्यथा माथि उल्लेख गरिए बमोजिम धितो एवं जमानत लेखिएको सम्पत्ति लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकले आफ्नो लेना असुल उपर गर्नुका साथै कर्जा सूचना केन्द्रको कालो सूचीमा समावेश गर्ने प्रक्रिया अघि बढाईने व्यहोरा जमानतकर्ताहरुलाई समेत जानकारी गराईन्छ ।

### तपसिल

#### ऋणीको नाम र ठेगानाको विवरण

कम्पनी ऐन २०६३ बमोजिम नेपाल सरकार, उद्योग मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा मिति २०७५/०२/०९ मा दर्ता नं. १८९९७२/७४/०७५ अन्तर्गत दर्ता भएको **स्काइ लाइन कन्स्ट्रक्सन प्रा.लि. ।**
ठेगाना: धनुषा जिल्ला जनकपुर उ.म.न.पा. वडा नं. ०२ ।

#### कम्पनीका सञ्चालकहरु तथा व्यक्तिगत जमानतकर्ताहरुको नाम र ठेगानाको विवरण

१. विश्वनाथ सिंहको नाति, कपिल देव सिंह सुवेदीको छोरा धनुषा जिल्ला सिनुरजोडा गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल धनुषा जिल्ला लक्ष्मिनिया गा.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. ८८२१३३१८ (जारी मितिः २०५६/११/१२, स्थान धनुषा) भएको **प्रभात कुमार सुवेदी ।**
२. मधुरी मण्डलको नाति, सोभित मण्डलको छोरा धनुषा जिल्ला धनौजि गा.पा. वडा नं. ०८ स्थायी घर भई हाल धनुषा जिल्ला औरही गा.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. २५९५१९९४ (जारी मितिः २०३३, स्थान धनुषा) भएको **राज नारायण मण्डल ।**
३. मोहन ध्वज बानियाकी छोरी कपिल देव सिंह सुवेदीकी बुहारी, प्रभात कुमार सुवेदीकी श्रीमती सर्लाही जिल्ला रानिगंज गा.वि.स. वडा नं. ०५ स्थायी घर भई हाल धनुषा जिल्ला लक्ष्मिनिया गा.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. १९३० ९६/६१४ (जारी मितिः २०६३/१०/२३, स्थान सर्लाही) भएकी **मुना कुमारी वानिया ।**
४. राम नारायण महतोकी छोरी रामफल महतोकी बुहारी, गंगा प्रसाद महतोकी श्रीमती धनुषा जिल्ला नकटाझिझ गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. १९३१००/४९१ (जारी मितिः २०६३/११/२७, स्थान धनुषा) भएकी **प्रमिला देवी महतो ।**
५. राम प्रकाश मंडलकी छोरी रामफल महतोकी बुहारी, संजय कुमार अधिकारीकी श्रीमती धनुषा जिल्ला धनौजि गा.पा. वडा नं. ०८ स्थायी घर भई हाल धनुषा जिल्ला औरही गा.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. २५९५१८३९ (जारी मितिः २०६३/०७/२२, स्थान धनुषा) भएकी **संगिता मंडल (अधिकारी) ।**
६. शोभित मण्डलको नाति, राज नारायण मण्डलको छोरा धनुषा जिल्ला धनौजि गा.पा. वडा नं. ०८ स्थायी घर भई हाल धनुषा जिल्ला औरही गा.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. २५९५४८८७ (जारी मितिः २०५१/०८/२९, स्थान धनुषा) भएको **संजय कुमार अधिकारी ।**
७. सोनाई महतो कोइरीको नाति, रामफल महतोको छोरा धनुषा जिल्ला नकटाझिझ गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल धनुषा जिल्ला औरही गा.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. ६४४०२३११ (जारी मितिः २०५९/०७/०६, स्थान धनुषा) भएको **गंगा प्रसाद महतो ।**
८. लटु मण्डलकी छोरी शोभित मण्डलकी बुहारी, राज नारायण मण्डलकी श्रीमती धनुषा जिल्ला धनौजि गा.पा. वडा नं. ०६ स्थायी घर भई हाल धनुषा जिल्ला औरही गा.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. २५९५१९९५ (जारी मितिः २०३६/०४/२७, स्थान धनुषा) भएकी **रामपरी देवी केवटीन ।**
९. रामेश्वर प्रसाद मण्डलकी छोरी राज नारायण मण्डलकी बुहारी, संजिव कुमार अधिकारीकी श्रीमती धनुषा जिल्ला धनौजि गा.पा. वडा नं. ०८ स्थायी घर भई हाल धनुषा जिल्ला औरही गा.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. १७१०२९/१४५ (जारी मितिः २०६६/०८/२८, स्थान धनुषा) भएकी **मनिषा मण्डल अधिकारी ।**
१०. नारायण सिंहकी छोरी विश्वनाथ सिंहकी बुहारी, कपिल देव सिंह सुवेदीकी श्रीमती धनुषा जिल्ला सिनुरजोडा गा.वि.स. वडा नं. ०५ स्थायी घर भई हाल धनुषा जिल्ला लक्ष्मिनिया गा.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. ८८२११०५२ (जारी मितिः २०३३-०१-०१, स्थान धनुषा) भएकी **सुरेखा सुवेदी ।**
११. राधे महतोकी छोरी रामफल महतो कोइरीकी बुहारी, सिता राम महतोकी श्रीमती धनुषा जिल्ला नकटाझिझ गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. १७३१००/६४४ (जारी मितिः २०६३/११/२८, स्थान धनुषा) भएकी **अमिरका कुमारी देवी ।**
१२. रवि महतोको नाति, सोनाई महतो कोइरीको छोरा धनुषा जिल्ला नकटाझिझ गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. २९७ (जारी मितिः २०३६/०५/०१, स्थान धनुषा) भएको **रामफल महतो कोइरी ।**
१३. कुल चन्दको नाति, विस्वनाथ सिंहको छोरा धनुषा जिल्ला सिनुरजोडा गा.वि.स. वडा नं. ०५ स्थायी घर भई हाल धनुषा जिल्ला लक्ष्मिनिया गा.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. १७८८२११०५१ (जारी मितिः २०३३/०१/०१, स्थान धनुषा) भएको **कपिलदेव सिंह सुवेदी ।**
१४. हरिहर मण्डलको नाति, राम प्रकाश मण्डलको छोरा धनुषा जिल्ला धवौली गा.प. वडा नं. ०१ स्थायी घर भई हाल धनुषा जिल्ला शहिदनगर न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. २५१९३९७७ (जारी मितिः २०६३/०४/२८, स्थान धनुषा) भएको **शशि मण्डल ।**
१५. रामफल महतो कोइरीको नाति, गंगा प्रसाल महतोको छोरा धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. १७-०१-७४-१५३६३ (जारी मितिः २०७४-१२-२५, स्थान धनुषा) भएको **राम शंकर महतो ।**
१६. शोभित मण्डलको नाति, राज नारायण मण्डलको छोरा धनुषा जिल्ला धनौजी गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल धनुषा जिल्ला औरही गा.पा. वडा नं. ०६ बस्ने, ना.प्र.नं. २५९५२२७६ (जारी मितिः २०५७-१०-०२, स्थान धनुषा) भएको **संजिव कुमार अधिकारी ।**
१७. जानकी प्रसाद मंडलकी छोरी हरिहर मंडलकी बुहारी, राम प्रकाश मंडलकी श्रीमती धनुषा जिल्ला धवौली गा.प. वडा नं. ०१ स्थायी घर भई हाल धनुषा जिल्ला शहिदनगर न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. २५१९२७८८ (जारी मितिः २०४६/१२/०५, स्थान धनुषा) भएकी **पवन कुमारी ।**
१८. राज नारायण मण्डलकी छोरी हरि मंडलकी बुहारी, राम दुलार मण्डलकी श्रीमती धनुषा जिल्ला मझौरा विष्णपुर गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल महोत्तरी जिल्ला मटिहानी गा.पा. वडा नं. ०१ बस्ने, ना.प्र.नं. ५८४६२६०४ (जारी मितिः २०५७/०५/१८, स्थान महोत्तरी) भएकी **सुनिता कुमारी देवी ।**
१९. सोनाई महतो कोइरीको नाति, राम फल महतो कोइरीको छोरा धनुषा जिल्ला नकटाझिझ गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ०२ बस्ने, ना.प्र.नं. ६४४०२७१७ (जारी मितिः २०६३/०४/२२, स्थान धनुषा) भएको **सीताराम महतो ।**
२०.घुरन मण्डलको नाति, हरिहर मण्डल केवटको छोरा धनुषा जिल्ला धवौली गा.प. वडा नं. ०१ स्थायी घर भई हाल धनुषा जिल्ला शहिदनगर न.पा. वडा नं. ०७ बस्ने, ना.प्र.नं. ३३३०/२५१९००१०/०३३/०३४ (जारी मितिः २०३६/१०/१७, स्थान धनुषा ) भएको **राम प्रकाश मण्डल केवट ।**

#### धितोको विवरण

**धितोमा रहेको घर/जग्गाको विवरण:**

१. धनुषा जिल्ला धनौजी गा.वि.स. वडा नं. ०८ स्थायी घर भई हाल धनुषा जिल्ला औरही गा.पा. वडा नं. ०६ बस्ने, **संजिव कुमार अधिकारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको महोत्तरी जिल्ला अजगेवा हरिनमरी गा.वि.स. वडा नं. ९ नक्सा सिट नं ९ख मा अवस्थित कि.नं. २७७ क्षेत्रफल ३-१३-१३ १/२-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
२. धनुषा जिल्ला गोविन्दपुर गा.वि.स. वडा नं. ०६ स्थायी घर भई हाल धनुषा जिल्ला धनुषाधाम न.पा. वडा नं. ०२ बस्ने, **पवन कुमारी** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला जनकपुर न.पा. वडा नं. १ नक्सा सिट नं १३५६०८ मा अवस्थित कि.नं. ८६० क्षेत्रफल ०-०-५-२ ३/४ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
३. धनुषा जिल्ला नकटाझिझ गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल धनुषा जिल्ला औरही गा.पा. वडा नं. ०६ बस्ने, **गंगा प्रसाद महतो** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला नकटाझिझ गा.वि.स. वडा नं. ०३ नक्सा सिट नं ३ मा अवस्थित कि.नं. क्रमश ७११, ३६५ र ७०८ क्षेत्रफल क्रमश ०-३-११-१२, ०-२-०-० र ०-२-६-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
४. धनुषा जिल्ला नकटाझिझ गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ०२ बस्ने, **सीताराम महतो** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला नकटाझिझ गा.वि.स. वडा नं. ०३ नक्सा सिट नं ३ मा अवस्थित कि.नं. ७०९ र ७१० क्षेत्रफल ०-२-६-० र ०-५-११-१२ विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
५. धनुषा जिल्ला नकटाझिझ गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ०२ बस्ने, **प्रमिला देवी महतो** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला नकटाझिज गा.वि.स. वडा नं. ०३ नक्सा सिट नं ३ मा अवस्थित कि.नं ३६२ क्षेत्रफल ०-१-०-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।
६. धनुषा जिल्ला नकटाझिझ गा.वि.स. वडा नं. ०३ स्थायी घर भई हाल धनुषा जिल्ला मिथिला न.पा. वडा नं. ०२ बस्ने, **सीताराम महतो** को नाममा दर्ता भई यस बैंकको पक्षमा दृष्टिबन्धक धितो पारित भई बैंकको पक्षमा रोक्का समेत रहेको धनुषा जिल्ला नकटाझिझ गा.वि.स. वडा नं. ०१ नक्सा सिट नं १क मा अवस्थित कि.नं १४७३ क्षेत्रफल ०-१-५-० विघा जग्गा एवं सोमा जडित सम्पूर्ण लिगलगापात समेत ।

**सवारी साधनको विवरण:**
ऋणी **स्काइ लाइन कन्स्ट्रक्सन प्रा.लि.** र धनी यस बैंक समेत भएको निजी सवारी साधन दर्ता नं. प्रदेश नं २-०२००१ च ०४३३ भएको NEXON CAR.

NABIL BANK®
प्रधान कार्यालय, दरवारमार्ग, काठमाडौं फोन नं. ०१-५९७१८७१

# ‘वायु प्रदूषणको स्रोत पहिचान र नियन्त्रणमा निगरानी आवश्यक’

**काठमाडौं/मस–** वन तथा वातावरण मन्त्री ऐनबहादुर शाही ठकुरीले वायु प्रदूषणको स्रोत पहिचान गरी त्यसको नियन्त्रणमा कडा निगरानी राख्न आवश्यक रहेकामा जोड दिएका छन् ।

सोमबार आयोजित एशिया-प्रशान्त क्षेत्रीय वायु प्रदूषणसम्बन्धी क्षेत्रीय कार्यशाला गोष्ठीको उद्घाटन सत्रमा बोल्दै उनले वायु प्रदूषण न्यूनीकरणमा सबैको सहकार्य हुनुपर्ने बताए ।

‘हरेक वर्ष झैँ, जाडो मौसमको सुरुआत सँगै नेपालमा पनि वायु प्रदूषण निरन्तर वृद्धि हुँदै जान्छ । हाम्रोमा मात्र नभई यस क्षेत्रका धेरै शहरमा यो समयमा वायुको गुणस्तर क्रमिकरुपमा खस्किँदै जाने गर्दछ’, मन्त्री शाहीले भने, ‘यसको असर आँखाले देखिने धुलोसहितको प्रदूषणमा मात्र सीमित नभई, विशेष गरी मानव स्वास्थ्य र समग्र पर्यावरणमा गम्भीर रुपमा दीर्घकालीन असर पारिरहेको अवस्था छ ।’



पेट्रोलियम पदार्थमा आधारित मोटरगाडीको अधिक प्रयोग, निर्माणका गतिविधि, औद्योगिक उत्सर्जन, वन डढेलो, कृषि गतिविधिलगायतका कारण वायु प्रदूषणको स्तर अत्यधिक बढेको उनको भनाइ छ । सरकारले सार्वजनिक यातायातलाई प्रभावकारी बनाउँदै, इन्धनको गुणस्तर सुधार्ने र औद्योगिक प्रदूषण नियन्त्रणमा सहयोग पुग्ने तवरले कदम चाल्ने योजना बनाएको मन्त्री शाहीले बताए ।

‘काठमाडौं उपत्यकाका लागि वायु गुणस्तर व्यवस्थापन कार्ययोजना २०७६’ कार्यान्वयनको समन्वय गर्ने, कार्ययोजना कार्यान्वयनमा विभिन्न निकायबीचको समन्वयको अवस्था र हालसम्म भएका उपलब्धिका बारेमा जानकारी लिन छलफल आयोजना गर्ने तयारीमा छौँ’, मन्त्री शाहीले भने ।

# क्यानिन डिस टच्याम्पर रोग वन्यजन्तुमा पुष्टि



**बर्दिया/मस–**विशेषगरी घर पालुवा कुकुरमा लाग्ने क्यानिन डिस ट्याम्पर रोग वन्यजन्तुमा पुष्टि भएको छ । उक्त रोग कुकुरबाट चितुवामा सरेको बर्दिया राष्ट्रिय निकुञ्जका पशु चिकित्सकले जनाएका छन् ।

सेन्टर फर डायनामिक नेपालको सहयोग र स्वास्थ्य लाइभ मिडियाको आयोजनामा बर्दिया राष्ट्रिय निकुञ्जमा गरिएको एक कार्यक्रममा कुकुरबाट क्यानिन डिस ट्याम्पर रोग वन्यजन्तुमा सरेको अधिकारीहरुले बताएका छन् । यस अगाडी मानिसबाट जंगली हात्तिमा क्षयरोग सरेको पुष्टि भएको थियो । क्यानिन डिस ट्याम्पर वन्यजन्तुमा सरेको सम्भवत नेपालमा यो पहिलो भएको अधिकारीहरुले बताएका छन् ।

बर्दिया राष्ट्रिय निकुञ्जका पशु चिकित्सक डा. आयुस महर्जनका अनुसार बर्दिया राष्ट्रिय निकुञ्जको चितुवामा क्यानिन डिस ट्याम्पर रोग पुष्टि भएको हो ।

बफरजोन वरपर बाक्लो बस्ति भएको र कुकुरहरू खान चितुवा नियमित बस्तिमा आउँदा यो अवस्था आएको हो । उनका अनुसार क्यानिन डिस ट्याम्पर एक अत्यन्त संक्रामक भाइरल रोग हो । विशेषगरी कुकुरमा यो रोग देखा पर्छ । डा. महर्जनका अनुसार चितुवाले कुकुर खाँदा यो रोग सरेको देखिएको छ ।

अधिकारीहरूले बाघमा समेत सरेको हुन सक्ने अनुमान गरेका छन् । क्यानिन डिस ट्याम्पर रोग लागेमा ५० प्रतिशत बढी मृत्यु हुने गरेको छ । क्यानिन डिस ट्याम्पर रोग कुकुरको सासप्रश्वास, पाचन प्रणाली, आँखा र छालामा असर पर्ने हुँदा कुकुर खाँदा वा उसको नजिक पर्दा वन्यजन्तुमा सहजै सर्ने गरेको छ ।

बर्दिया राष्ट्रिय निकुञ्जका प्रमुख डा. अशोककुमार रामले वन्यजन्तु र मानिसको सम्पर्क हुनै नदिनु राम्रो भएको बताए । ७० प्रतिशत गम्भीर रोगहरू जनावरबाटै मानिसमा सरेकाले यसलाई कम गर्न जरुरी भएको उनको तर्क छ ।

मानिसका कारण वन्यजन्तु र वन्यजन्तुका कारण मानिस जोखिममा पर्ने अवस्था रहेको दर्शाउदै डा. रामले वन्यजन्तु स्वस्थ र सुरक्षित नभएको अवस्थामा मानिसको कुनै अर्थ नहुने बताए । चितुवा र बाँघमा नयाँ रोग कुकुरबाट सरेको र यी जनावरले नै मानिसमा बढी आक्रमण हुने भएकाले रोगको जोखिम पनि त्यस्तै रहेको डा. रामको भनाइ छ ।

ठाकुरबाबा नगरपालिका आर्थिक विकास समितिका संयोजक कलम बिष्टले स्थानीय जनप्रतिनिधिहरूमा जुनोसिस रोगबारे जानकारी नभएको बताए । जुनोसिस रोगबारे जानकारी नहुँदा यसको व्यवस्थापनमा काम गर्न कठिनाई भएको उनको भनाइ छ ।

जनप्रतिनिधिहरूलाई वान हेल्थको अवधारणाबारे पूर्णज्ञान हुन जरुरी भएको वडाअध्यक्ष समेत रहेको बिष्टको प्रतिक्रिया छ । उनले भने, ‘वन्यजन्तु र मानिस बीचमा हुने अन्तरद्वन्द्वमात्र नभएर भोलि वन्यजन्तुबाट मानिसमा आउने र मानिसबाट वन्यजन्तुमा उत्पन्न हुन सक्ने महामारीबारे पनि सोच्नु पर्ने देखिएको छ ।’

कार्यक्रममा जिल्ला स्वास्थ्य कार्यालय प्रमुख सुनिता पौडेलले वान हेल्थको अवधारणा लिएर अगाडी नबढे महामारीजन्य रोगसँग लड्न कठिन हुने बताइन् । उनले वन्यजन्तुका कारण मानिस ठुलो जोखिममा रहेको स्पष्ट पारिन् । हरिण, बाखा र गाईहरू सँगसगै चर्नु अत्यन्त दुःखद रहेको उनको भनाइ छ ।

# खोल्सामा डुबेर २ जनाको मृत्यु



**सत्येन्द्रप्रताप सिंह/मध्यान्ह**
रौतहट, २४ मंसिर

रौतहटमा खोल्सामा डुबेर २ जनाको मृत्यु भएको छ । जिल्लाको देवाही गोनाही नगरपालिका वडा नम्बर-२ लक्ष्मीनिया करुनिया टोलको खोल्सामा डुबेर एकैसाथ २ जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा बौधिमाई नगरपालिका वडा नम्बर-५ कोपवा टोलका शेख मनाउलका ३ वर्षीय छोरा र ६ वर्षीय छोरी रहेकी छिन् ।

बकैया नदीको बाढीले बाँध भत्काएर बनेको खोल्सामा आइतबार साँझ करिब ६ बजेको समयमा माछा मार्न गएको क्रममा उनीहरुको डुबेर मृत्यु भएको ईलाका प्रहरी कार्यालय देवाही गोनाहीले जनाएको छ । प्रहरीका अनुसार उनीहरुको शव प्रादेशिक अस्पताल गौरमा राखिएको छ । लक्ष्मीनिया करुनियामा मामाघर भएका उनीहरु पन्ध्र दिन अघि त्यहाँ आएका थिए ।

# विदुरमा ‘प्याज पकेट’ कार्यक्रम

**नुवाकोट/मस–** नुवाकोटको विदुर नगरपालिकाले प्याजमा आत्मनिर्भर बनाउन ‘प्याज पकेट’ कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

विगतका वर्षमा परीक्षणको सुरु गरेको यस कार्यक्रमलाई चालु आर्थिक वर्षदेखि वडा नं ७ मा व्यावसायिक उत्पादन गरी नगरलाई प्याजमा आत्मनिर्भर बनाउने लक्ष्य लिएको नगरप्रमुख राजन श्रेष्ठले जानकारी दिए ।



उनले पालिकालाई आत्मनिर्भर बनाउँदै किसानको आर्थिक उपार्जन वृद्धिमा समेत सहयोग पुऱ्याउन ‘प्याज पकेट’ कार्यक्रमलाई गौरवको योजनाका रूपमा सञ्चालन गरिएको बताए । ‘प्याज पकेट क्षेत्रका किसानलाई आवश्यक पर्ने उन्नत जातका बिरुवाका लागि नगरपालिकाले अनुदानमा बीउ उपलब्ध गराएको छ’, नगरप्रमुख श्रेष्ठले भने,‘दुईवटा कृषि सहकारीलाई उन्नत जात (रेड क्रियोल)को बीउबाट बिरुवा उत्पादन गरेर पकेट क्षेत्रका किसानलाई सहुलियत शुल्कमा वितरणको प्रबन्ध मिलाएका छौँ ।’

विगतका परीक्षणका रूपमा सञ्चालन गरिएको कार्यक्रम प्रभावकारी बन्नुका साथै स्थानीय किसानको आयआर्जन वृद्धिमा सहयोग पुऱ्याउन थालेपछि प्याजको व्यावसायिक उत्पादनलाई जोड दिइएको पालिकाको कृषि शाखाले जनाएको छ । बीउ उपलब्ध गराएका किसानले बिरुवा रोप्न सुरु गरेदेखि उनीहरूलाई बजारिकरणसम्म सहयोग पुऱ्याउन विभिन्न कार्यक्रम समावेश गरिएको छ । कार्यक्रम सफल बनाउन कृषि औजार, सिँचाइ पाइप, प्राविधिक परामर्श दिइने जनाइएको छ ।

**Free Recruitment (Zero Cost) सहित Qatar मा रोजगारको अवसर**

कम्पनी:- TK Airport Solutions S.A., Doha, Qatar    पूर्व स्वीकृती मिति २०८१।०८।२४, चलानी नं. ६०२२९४८०, LT.No. 315215

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रु | हप्तामा कामगर्ने दिन | प्रतिदिन कामगर्ने घण्टा | ओभर टाईम सुविधा | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Technician | 20 | - | स.कामका दक्ष | 1200 | ४४,७५०।- | ६ दिन | ८ घण्टा | कं. नि. अनुसार | | छ | | २ वर्ष |

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले दिने र कति लाग्ने | रोजगार कम्पनीले मेडिकल खर्च दिने/नदिने | स्वदेशमा गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने हुने रोजगारदाता | हवाई टिकट कसले दिने र कति लाग्ने | भीषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखीकरण तालिम शुल्क | कल्याणकारी कोष व्यवस्था | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफै | दिने | कामदार आफै | कम्पनीले | नि:शुल्क | नि:शुल्क | कामदार स्वयं रु. ७००।- | कामदार स्वयं रु. १५००।- | नि:शुल्क |

**अन्तर्वार्ता २०८१ पौष २ र ३ गते (17 to 18 December, 2024) मेनपावर कार्यालय बसुन्धरामा हुनेछ ।**

**वाईज ईण्टरनेशनल नेपाल प्रा. लि.**
धापासी ७, बसुन्धरा काठमाण्डौ फोन नं.:-०१-४३७३३५१, ४३७३७८४, ४३७३८०७
श्रम इजाजत नं. ८३७/०६६/०६७

**कतार एयरपोर्टमा रोजगारको अवसर**

कम्पनी: LINC FACILITY SERVICES    शहर: DOHA    पुनः विज्ञापन
पूर्व स्वीकृत मिति: २०८१/०३/२८    चलानी नं.: ६०२२२१४६    L.T. No.: 307431

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | DRIVER | 5 | 0 | सम्बन्धित काममा दक्ष | 1400 | ५१,९२६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | GENERAL CLEAN WORKER | 91 | 0 | | 1000 | ३७,०९० | | | | | | | |
| 3. | LABOUR | 20 | 25 | | 1000 | ३७,०९० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८१ पुष ६ र ७ गते (21 & 22 December 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता भरतपुर गार्डेन रिसोर्ट चितवनमा २०८१ पुष ६ र ७ गते (21 & 22 December 2024) मा हुनेछ ।**
**अन्तर्वार्ता मुनाल ट्रेनिङ सेन्टर इटहरीमा २०८१ पुष ६ र ७ गते (21 & 22 December 2024) मा हुनेछ ।**

यसै कम्पनीको लागि Team leader, Supervisor, Airport Technician को पनि माग भई आएकोले निशुल्क परामर्शको लागि सम्पर्क गर्नुहोला ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NAUKRI NEPAL Recruitment Service Pvt. Ltd.**
Birendra Aysworya Marga, Mitranagar, Gangabu, Kathmandu
Ph.: 4962686 |4985786 | 4985784 |9801059994, 9801059992, 9801059997, 9801056689
Chitwan Contact No: 056-565123690, 056-56512368, 9769328733, 9763597744,
Itahari Contact No: 9816368105 | 9810591900, Pokhara Contact No : 9856035442 | 9804162771
Email: cv.naukrinepal@gmail.com | Web: www.naukrinepal.com | like us on facebook.com/naukri.nepal
इजाजत पत्र नं. ६५७/०६३/०६४

## Shailung Rural Municipality
## Office of the Rural Municipal Executive

**Katakuti, Dolakha**
**Bagamati Province, Nepal**

### Invitation For Bid

**Date of Publication: 25/08/2081 (10th December 2024)**

Shailung Rural Municipality ,Katakuti,Dolakha office invites only electronic bids from all Nepalese eligible bidders for the mention in the table below on or before 26/09/2081 (10th January 2025) 12:00 hours. Eligible bidders may obtain further information at Shailung Rural Municipality,Katakuti, Dolakha or may visit PPMO website: www.bolpatra.gov.np/egp.

| S.N. | Name of Project | Contract ID | Estimated Amount (with VAT & PS) | Bid Security (NRs.) | Bid Document Fee (NRs.) |
|---|---|---|---|---|---|
| 1 | Shailung Paryatakiya Purwadhar Ekikrit Bikas Project | SRM/NCB/W/012-2081/082 | Rs.87,66,811.77 | 2,50,000.00 | 3000.00 |
| 2 | Okharbot Katakuti Irrigation Project | SRM/NCB/W/13-2081/082 | Rs.77,29,417.36 | 2,30,000.00 | 3000.00 |

**Chief Administrative Officer**

## Ministry of Social Development
## Education Development Directorate
## Social Development Office

**Simkot Humla**

### INVITATION FOR BIDS

**IFB Notice No: 01/081-082**
**First date of publication: - 10th Dec.2024 (2081/08/25)**

1. SDO,Humla invites following electronic bid from eligible Nepalese Bidders under National Competitive Bidding. The details of the project is as follows:

| S. N. | Contract No. | Description of Work | Total Estimated Amount (Nrs) (Without VAT) | Bid Security Amount (Nrs) and Validity | Bid Document Fee(Nrs) | Bid Validity/Bid Bond Validity Period | Last Date of Bid Submission |
|---|---|---|---|---|---|---|---|
| 1 | SDO/HUM/W/ NCB/01/081-082 | Shree Dharmoday Ma.vi Hostel Building Construction work, Tajakot RM -03 Humla | 7638103.54 | 225000.00 | NRS. 3000 | 90 days/120 days from last date of bid submission | 9th Jan. 2025 until 12:00 noon |
| 2 | SDO/HUM/W/ NCB/02/081-082 | Chandraparkash ma.vi school Boundary wall construction work Tajakot RM-o4,Humla | 4214423.23 | 125000.00 | | | |
| 3 | SDO/HUM/W/ NCB/03/081-082 | Shree Malika Ma.vi Hostel Building Construction work, Kharpunat RM-01 Humla | 4214338.71 | 125000.00 | | | |
| 4 | SDO/HUM/W/ NCB/04/081-082 | Namkhakhyomjung Yalbang gumbba Library building construction work, Namkha RM -04, Yalbang Humla | 8490806.16 | 250000.00 | | | |

2. Information to deposit the cost of bidding document and bid security in bank are as follow respectively:
   Office Code Number : 3500164016
   Name of Office: Social Development Office Humla
   Name of the Bank : Rastriya Banijya Bank
   Revenue Account Number: 1000100200010000
   Rajaswo Shirshak (revenue) Number: 14229
   Security Account Number: 4190100202030000
3. Eligible Bidders may obtain further information from PPMO'swebsite www.bolpatra.gov.np/egp.

**Office Cheif**

# स्वास्थ्य मन्त्रालयमा ‘हेल्लो हेल्थ’

काठमाडौं/मस-स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले स्वास्थ्य सेवासम्बन्धी गुनासो सम्बोधन गर्न हेल्लो हेल्थ सेवा सुरु गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्री प्रदीप पौडेलले आम नागरिकको स्वास्थ्य सेवासम्बन्धी गुनासो सम्बोधन गर्न एकाइ स्थापना गर्ने मन्त्रीस्तरिय निर्णयपछि हेल्लो हेल्थ स्थापना भएको हो।

‘नागरिकलाई सरल र सहज स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्ने उद्देश्यले गुनासो एकाइ स्थापना गरेका हौं’, मन्त्री पौडेलले भने,‘तपाईंले भोगेका समस्या तथा गुनासा हामीलाई पठाउनुहोला।’

अब नागरिकले स्वास्थ्य मन्त्रालय तथा मातहतका निकाय र स्वास्थ्य सेवासँग सम्बन्धित गुनासाहरू टेलिफोन, ह्वाट्सएप, भाइबर, इमेल तथा हुलाकबाट समेत पठाउन सक्नेछन्। टेलिफोन नम्बर ११९५ मा फोन गरेर आफ्ना गुनासा राख्न सक्नेछन्।

यसैगरी भाइबर र ह्वाट्स एपमा ९८५१३३०५९२ नम्बरमा आफ्ना गुनासा सन्देशमार्फत पठाउन सकिने व्यवस्था मन्त्रालयले मिलाएको छ। यसैगरी, इमेलमार्फत हेल्लो हेल्थडट एमओएचपीडटजि ओभीडट एनपीमा गुनासा पठाउन सकिनेछ।

मन्त्री पौडेलले मन्त्रालयका प्रमुख कन्सल्ट्यान्ट ट्रपिकल मेडिसिन डाक्टर अनुप बाँस्तोलाको संयोजकत्वमा गत मंसिर १४ गते एकाइ गठन गर्ने निर्णय गरेका थिए। सोही एकाइले हेल्लो हेल्थ एकाइका लागि आवश्यक तयारी गरेर सेवा आरम्भ गरेको हो।

मन्त्रालयले गठन गरेको समितिमा सूचना अधिकारी डा. भक्तबहादुर केसी, सूचना प्रविधि निर्देशक रमेशराज सुवेदी तथा शाखा अधिकृत गौरीप्रसाद आचार्य सदस्य छन्। यसअघि इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा टेकुमा रहेको हटलाइन नम्बरमा अरु माध्यमसमेत थप गरेर गुनासो तथा सेवासम्बन्धी जानकारी लिने व्यवस्था मिलाइएको मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले जानकारी दिए।

# दुर्गा प्रसाईंमाथिको अनुसन्धान प्रतिवेदन सरकारी वकिलको कार्यालयमा बुझाइयो



**काठमाडौं/मस-**विवादास्पद मेडिकल व्यवसायी दुर्गा प्रसाईंमाथिको अनुसन्धान सकेर नेपाल प्रहरीले सोमबार जिल्ला सरकारी वकिलको कार्यालयमा फाइल बुझाएको छ।

प्रहरीले संगठित अपराध र आपराधिक लाभ मुद्दामा जिल्ला सरकारी वकिलको कार्यालय काठमाडौंमा प्रसाईंको अन्तिम बयान लिएको छ। मंगलवारदेखि थुनछेक बहस सुरु हुनसक्ने प्रहरीले जनाएको छ।

साइबर अपराध मुद्दामा साइबर ब्यूरोको हिरासतमा रहेका प्रसाईंलाई केन्द्रीय अनुसन्धान ब्यूरोले छुट्टै दुई मुद्दा क्रमशः संगठित अपराध र आपराधिक लाभमा अनुसन्धान गरिरहेको छ।

प्रसाईंकै योजनामा भारतीय आपराधिक समूहका नाइके लरेन्स बिश्नोईको नाममा धम्की दिएको तथ्य खुलेपछि ब्यूरोले प्रसाईंविरुद्ध मुद्दा चलाउन लागेको हो।

ब्यूरोले बिश्नोईको नाममा धम्की दिने झापाका हरिचन्द्र फुयाँललाई पक्राउ गरेर अनुसन्धान गरिरहेको छ। उनलाई सीआईबीले साइबर सेलको अनुरोधमा साइबर क्राइम मुद्दामा समातेको हो। प्रसाईंले पछिल्लो समय विवादित बयान दिँदै आएका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीविरुद्ध विवादास्पद बयान दिएपछि उनी पक्राउ परेका हुन्। प्रसाईंलाई सीआईबीले नै ४ मंसिरमा भक्तपुरस्थित उनको निवासबाट पक्राउ गरेर साइबर ब्यूरोलाई बुझाएको थियो।

प्रसाईंले कम्बोडियामा टेलिकम क्षेत्रमा प्रधानमन्त्री ओलीको लगानी रहेको आरोप लगाएका थिए। यसअघि उनी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)की केन्द्रीय सदस्य टीका संग्रौलालगायतको चरित्र हत्या गरेको आरोपमा ६ असोजमा पक्राउ परेका थिए।

यसैबीच प्रसाईंविरुद्ध संगठित अपराधको कसुरमा पनि अनुसन्धान हुने भएको छ।

सीआईबीले सरकारी वकिल कार्यालयको रायअनुसार उनीमाथि संगठित अपराधको कसुरमा पनि अनुसन्धान अघि बढाइएको हो।

सीआईबीका प्रवक्ता तथा एसपी होविन्द्र बोगटीले प्रसाईंमाथि आपराधिक लाभका साथै संगठित अपराधको कसुरमा अनुसन्धान अघि बढाइएको बताए।

# भ्रष्टाचारविरुद्ध ऐक्यबद्धता जनाउँदै प्रदर्शन



**काठमाडौं/मस-**भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय महासन्धि पारित भएको २१ वर्ष पूरा भएको अवसरमा सोमवार देशभर ‘भ्रष्टाचारविरुद्धको अन्तर्राष्ट्रिय दिवस’ विभिन्न कार्यक्रम आयोजना गरी मनाइएको छ। सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहका साथै भ्रष्टाचारविरुद्ध तथा सुशासनका पक्षमा क्रियाशील विभिन्न सामाजिक सङ्घ संस्थालेसमेत विविध कार्यक्रमको आयोजना गरी यो दिवस मनाएका छन्। भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय दिवस मनाइरहँदा नेपालमा भ्रष्टाचार नियन्त्रण र सुशासन कायमका लागि भएका प्रयास तथा उपलब्धिबारे गम्भीर समीक्षाको खाँचो औँल्याइएको छ। सोही उपलक्ष्यमा ट्रान्सपरेन्सी इन्टरनेसनललगायत संस्थाको अगुवाइमा काठमाडौंको माइतिघर स्थित सडकमा भ्रष्टाचार विरुद्धको अभियानप्रति ऐक्यबद्धता जाहेर गर्दै अएक घण्टा प्रदर्शन गरियो।

नागरिक समाजका अगुवा, विभिन्न संघसंस्थाका प्रतिनिधिका साथै ट्राफिक प्रहरीबाट समेत ऐक्यबद्धता प्रकट गरिएको उक्त प्रदर्शनीमा न्याय निसाफमा हुने आर्थिक मोलमोलाइले देशलाई खोक्रो बनाउने विषय प्लेकार्डमा उल्लेख गरिएको थियो।

